मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## सगरमाथा आरोहण गरेकी प्रनानी शेर्पालाई दर्ज्यानी चिह्न

समाचार पृष्ठ ५ मा



● वर्ष ३ ● अंक १९२ ● २०८२ साल जेष्ठ १२ गते सोमबार ● Monday 26, May 2025 ● सूर्योदयः बिहान ५:१५ बजे ● सूर्यास्तः साँझ ६:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# महिला सुरक्षामा मधेश कमजोर

**दिपक कर्ण**
**जनकपुरधाम ।**

नेपालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूविरुद्ध हुने अपराधमा डरलाग्दो वृद्धि भइरहेको देखिएको छ । प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै यस्ता २० हजार ९५४ अपराधिक घटना दर्ता भएका छन् । तीमध्ये सबैभन्दा बढी मधेश प्रदेशमै भएका छन् । मधेश प्रदेशमा ५ हजार ५९६ घरेलु हिंसा र ३१७ बलात्कारका घटना दर्ता भएको तथ्यांक छ । मधेश प्रदेश महिला हिंसाका दृष्टिले सबैभन्दा संवेदनशील क्षेत्र बन्न गएको देखिन्छ । पछिल्ला वर्षहरूमा घरेलु हिंसा, बलात्कार, बाल यौन दुव्र्यवहार, बहुविवाह र बालविवाहजस्ता अपराधहरू उल्लेख्य रूपमा वृद्धि भएको प्रमाण तथ्यांकले देखाएको छ । प्रहरीले २०५३/५४ मा मुलुकभर ११२ बलात्कारका घटना दर्ता भएको जनाएको छ । तर, २०८०/८१ मा यो संख्या २२ गुणाले बढेर २ हजार ५०७ पुगेको छ । यस्तै, घरेलु हिंसा ३३७ बाट बढेर १६ हजार ४१६ मा पुगेको छ । हरेक वर्ष यस्ता घटनाहरूमा वृद्धिको क्रम देखिनुले समाजमा महिला र बालबालिकाको अवस्था अझै पनि असुरक्षित रहेको पुष्टि गर्छ ।



**मधेश प्रदेशको डरलाग्दो चित्र**

मधेश प्रदेशमा मात्रै ५ हजार ५९६ घरेलु हिंसा, ३१७ बलात्कार, २७ बाल यौन दुव्र्यवहार र १०६ बहुविवाहका मुद्दाहरू दर्ता भएका छन् । देशभरका तुलनात्मक तथ्यांक हेर्दा मधेशमा सबैभन्दा बढी यस्ता अपराध हुने गरेको पाइएको छ । मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) उमा प्रसाद चर्तुवेदी भन्छन्, 'महिला र बालबालिकामाथिको हिंसा रोक्न हामीले विभिन्न जनचेतनामूलक कार्यक्रमहरू, महिला सेलहरू सक्रिय पार्ने प्रयास र समुदायसँग सहकार्यमा आधारित रणनीति अपनाएका छौं । तर, अझै पनि समाजको मानसिकता, डर र चुपचाप सहनुपर्ने संस्कारले धेरै घटना उजागर हुन सकिरहेका छैनन् ।' उनका अनुसार कानून पर्याप्त छन् । तर, कार्यान्वयनमा अझ प्रभावकारिता र संवेदनशीलता आवश्यक छ । 'हामीलाई पीडितमैत्री प्रक्रिया थप सुदृढ गर्नुपर्ने आवश्यकता छ,' उनले भने । मधेशमा संरचनागत लैंगिक असमानता, अशिक्षा, गरिबी र सामाजिक डरका कारण महिलाहरू अझै पनि प्रहरीकहाँ उजुरी गर्न हिच्किचाउने अवस्था रहेको प्रहरीले जनाएको छ । समाजशास्त्री महारुद्र झा भन्छन्, 'धेरै महिलाहरू अझै पनि प्रहरीमा उजुरी गर्न सक्दैनन् ।
उजुरी गरे पनि न्यायसम्म पुग्न गाह्रो हुन्छ । राज्य संयन्त्रको कमजोरी, सामाजिक अपहेलनाको डर र न्याय प्रणालीमा पहुँचको अभाव यस्ता घटनाहरू मौन रूपमा बढ्ने मुख्य कारण हुन् ।' देशभर गत आर्थिक वर्ष २०८०÷८१ मा ३६३ बाल यौन दुव्र्यवहार र १६६ मानव बेचबिखनका मुद्दा दर्ता भएका छन् । तीमध्ये पनि धेरै लुम्बिनी, कर्णाली र काठमाडौं उपत्यकामा देखिएको भए पनि मधेश प्रदेशमा यस्ता घटनाहरू रिपोर्ट हुनै नसकेको प्रहरीको आन्तरिक मूल्यांकनले देखाएको छ । नेपालमा घरेलु हिंसासम्बन्धी ऐन २०६६, बालबालिकासम्बन्धी ऐन २०७५ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जस्ता कानुनी संरचना छन् । तर, पीडितलाई सुरक्षा, न्यायमा सहज पहुँच र अपराधीलाई कडा सजाय दिन नसक्दा ती ऐन कागजी मात्र देखिएका छन् । डीआईजी चर्तुवेदीले भने, 'हामीले कानूनी सुधार मात्रै नभई पीडितलाई मनोवैज्ञानिक सहयोग, सुरक्षित आवास र तत्काल राहत दिने संयन्त्रमा सुधार गर्नुपर्ने देखिएको छ ।' उनले भने, 'विगत २८ वर्षको प्रवृत्ति हेर्दा नेपालमा महिला, बालबालिका र ज्येष्ठ नागरिकमाथिको हिंसा झन् भयावह बन्दै गएको छ । मधेश प्रदेशको तस्बिर झन् गम्भीर देखिन्छ । यस्तो अवस्था नियन्त्रण गर्न अब राज्यले स्पष्ट रणनीति, सशक्त कानूनी कार्यान्वयन, पीडितकेन्द्रित संरचना विकास गर्न ढिला गर्नु हुँदैन ।' समाजशास्त्री झाले भने, 'मधेश प्रदेश सरकारले समेत आफ्नो दायित्व पूर्ण रूपमा निर्वाह गर्न सकेको छैन । सबभन्दा ठूलो चुनौती भनेको हाम्रो समाज व्यक्तिवादी हुँदै गइरहेको हो । यसका कारण समाजमा दुर्भाग्यवश सीमित वैचारिक उन्माद उत्पन्न भएको छ । हामी बाहिरी कुराहरू विशेषगरी पश्चिमा सभ्यताको अन्धानुकरण गर्न थालेपछि पुरुष समुदायमा महिलाप्रतिको सम्मानमा क्रमशः कमी देखिन थालेको छ ।'
समाजले पनि लैंगिक हिंसाका विषयमा चुप लाग्ने संस्कार अन्त्य गरी समानता, सुरक्षा र सहजीकरणको वातावरण बनाउन अग्रसर हुनुपर्ने समय आएको झाको भनाइ छ । प्रहरी, स्थानीय तह र न्याय प्रणालीको समन्वय अभावका साथै सामाजिक चेतनाको न्यूनताले गर्दा मधेश प्रदेशमा महिला र बालबालिकाहरू अझै पनि अपराधको उच्च जोखिममा छन् ।

# जनकपुरमा अंशु हत्याविरुद्ध लैङ्गिक अल्पसंख्यकको प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाममा भएको अंशु यादव हत्याकाण्डका आरोपी अझै फरार रहेको भन्दै लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सडकमा उत्रिएको छ । आइतबार जनकपुरधामको बजरंग चोकबाट शुरु भएको विरोध ¥याली रामानन्द चौक हुँदै जिल्ला प्रशासन कार्यालयसम्म पुगेको थियो । १७ वर्षीय अंशु यादवको गत चैत १७ गते होलीको दिन छुरा प्रहार गरी हत्या गरिएको थियो । हत्यामा संलग्न भएको आरोपमा प्रहरीले धर्मेन्द्र महतोलाई घटनास्थलबाटै पक्राउ गरी मुद्दा चलाएको छ । उनलाई हाल कारागार चलान गरिएको छ । तर, अर्का आरोपी ४५ वर्षीय राम दहिना महतो पक्राउ परे पनि जिल्ला अदालतले उनलाई रिहा गरिसकेको छ । प्रदर्शनमा मृतक 'हामीलाई भित्र बोलाएर सिडिओ साहबले भन्नुभयो दुई जना पक्राउ परेका छन्, एक जना अदालतले छाडिसकेको छ, अब हामीले केही गर्न सक्दैनौं, उच्च अदालत जानुस् ।' उनका अनुसार हत्या योजनाबद्ध रूपमा ७ जनाको संलग्नतामा भएको थियो । उनले प्रहरीमा सबै सात जनाविरुद्ध जाहेरी दिएकी हुन् । तर, अहिलेसम्म पाँच जना अझै फरार छन् । यसअघि पनि अंशुकी आमासहित स्थानीयले बिन्धीस्थित जनकपुर–जलेश्वर सडक दुई पटक जाम गरेका थिए । तर, प्रहरी र प्रशासनको प्रतिक्रिया सुस्त देखिएको पीडित परिवारको भनाइ छ । प्रदर्शनमा सहभागी लैङ्गिक तथा यौनिक अल्पसंख्यक अधिकारकर्मीहरूले अंशु जस्तो किशोरसमेत सुरक्षामा नरहेको अवस्थामा आफूहरूको अस्तित्व अझ बढी संकटमा परेको बताए ।





अंशुकी आमा अर्चना यादव र उनका दुई नाबालिका छोरीहरू पनि सहभागी थिए । प्रदर्शनकारीहरूले रामानन्द चौकमा सडक अवरुद्ध गर्दै एक दर्जन सवारी साधनमा तोडफोडसमेत गरेका छन् । झन्डै एक घण्टा जनकपुर–ढल्केवर सडक अवरुद्ध भएको थियो । प्रदर्शनकारीहरूले 'हत्या गरेको देखिएको छ । तर, न्याय किन छैन?', 'अंशुका हत्यारालाई कारबाही गर', 'हाम्रो अस्तित्व सुरक्षित छैन' जस्ता नारासमेत लगाएका थिए ।

प्रमुख जिल्ला अधिकारीसँगको भेटपछि आमा अर्चना यादव झनै निराश भइन् । उनले भनिन्, उनीहरूले प्रहरी प्रशासनको निष्क्रियता र विभेदकारी व्यवहारप्रति पनि आक्रोश व्यक्त गरे । अंशु यादवको हत्या प्रकरणमा अझै पाँच जना मुख्य आरोपी फरार छन् । एकातिर पीडित परिवार न्यायको खोजीमा छटपटिएको छ भने अर्कातिर राज्य संयन्त्रले निष्क्रियता देखाइरहेको पीडितको आरोप छ ।

प्रदर्शनकारीहरूले अब राष्ट्रियस्तरको आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् । यदि बाँकी आरोपीहरूलाई तत्काल पक्राउ नगरे सशक्त विरोध प्रदर्शनलाई देशव्यापी बनाइने उनीहरूको चेतावनी छ ।

# युनुसमाथि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्न ५ दिनको म्याद



**मधेशदृष्टि**
**वीरगंज ।**

बाराका युनुस अन्सारीमाथि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्न प्रहरीले जिल्ला अदालत काठमाडौंबाट ५ दिनको म्याद पाएको छ । नक्कली भारतीय नोट प्रकरणमा ६ वर्ष कैद सजाय भुक्तान गरि शनिबार छुटेका उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले छुटेलगत्तै पक्राउ गरेको थियो । अन्सारीविरुद्ध सीआईबीले सम्पत्ति शुद्धीकरणमा अनुसन्धान थालेको छ । आइतबार अदालतमा उपस्थित गराइएका अन्सारीमाथि थप अनुसन्धानका लागि ५ दिनको म्याद पाएको सीआईबीका एसएसपी होबिन्द्र बोगटीले बताए ।
उनी कैद मुक्त हुने भएपछि सीआईबीले अनुसन्धानका लागि उपस्थित गराइदिन कारागार व्यवस्थापन विभागलाई बुधबार मात्रै पत्र पठाएको थियो । त्यही पत्रका आधारमा कारागारबाट रिहा भएलगत्तै शनिबार नियन्त्रणमा लिएको थियो । केन्द्रीय कारागारमा कैद भुक्तान गरिरहेका बेलासमेत अन्सारीमाथि भारतीय सुटर मनमित सिंह भनिने मनमित भाटियाले २६ फागुन २०६७ मा गोली हानी हत्या प्रयास गरेका थिए ।

# स्व. बाजोरियाको स्मृतिमा छात्रवृत्ति घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

शिक्षा र सामाजिक क्षेत्रमा क्रियाशील डा. अनिल अग्रवालले आफ्ना दिवंगत पिता स्व. पवन बाजोरियाको स्मृतिमा छात्रवृत्ति तथा संगीत एवम् कला पुरस्कारको घोषणा गरेका छन् । संस्कृतिको क्षेत्रमा योगदान दिने युवाहरूको हौसला वृद्धि र आर्थिक अभावमा पठनपाठनमा कठिनाइ झेलिरहेका जेहेन्दार विद्यार्थीहरूलाई सहयोग पुर्याउने उद्देश्यले यो योजना अघि सारिएको हो ।

गत बैशाख २७ गते निधन भएका बाजोरिया कला, संगीत र समाजसेवाका क्षेत्रका प्रतिष्ठित व्यक्तित्व थिए । उनको १३औं पुण्यतिथिको अवसर पारेर श्री अञ्जनेय सेवा आश्रमद्वारा सञ्चालित 'पवन बाजोरिया स्मृति छात्रवृत्ति योजना' तथा 'पवन बाजोरिया स्मृति संगीत एवम् कला पुरस्कार' सार्वजनिक रूपमा घोषणा गरिएको हो । संस्कृति विद्यालयका संस्थापक समेत रहेका डा. अग्रवालले जानकारी दिएअनुसार छात्रवृत्ति कार्यक्रम यसै आर्थिक वर्षदेखि लागू हुनेछ । शुभारम्भ स्वरूप हाल एक जना छात्र र एक जना छात्रालाई



छात्रवृत्ति प्रदान गरिनेछ । आगामी वर्षदेखि कक्षा ५, ६ र ७ मा अध्ययनरत एक÷एक छात्र र छात्रासहित कुल ६ जनालाई छात्रवृत्ति प्रदान गरिनेछ । कुनै विशेष अवसर वा कार्यक्रममार्फत छात्रवृत्ति तथा ११ हजार रुपैयाँ राशीको संगीत तथा कला पुरस्कार वितरण गरिने योजना परिवारले सार्वजनिक गरेको छ । डा. अग्रवालले यो योजना आफ्ना पिता प्रतिको श्रद्धाञ्जलीका रूपमा मात्रै नभई समाजप्रतिको उत्तरदायित्व पूरा गर्ने एउटा कदमका रूपमा अगाडि बढाएको बताए । 'बुबाको सांगीतिक अभिरुचि र समाजसेवाको भावना हामी सन्तानले जीवनभर आत्मसात् गरेका छौँ,' उनले भने, 'त्यही भावनाबाट प्रेरित भएर यो छात्रवृत्ति र पुरस्कारको शुरुवात गरेका हौँ ।'

# प्रसौनी–६ का वडाध्यक्ष कुशवाहा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

बाराको प्रसौनी गाउँपालिका वडा नम्बर–६ का वडाध्यक्ष बृजकिशोर कुशवाहालाई प्रहरीले पक्राउ गरेको छ । वडाध्यक्ष कुशवाहालाई आइतबार वडा कार्यालयबाटै नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठले जानकारी दिए । प्रहरीका अनुसार कुशवाहाविरुद्ध कुटपिट, चेक अनादर र आपराधिक लाभ गरी ३ वटा कसूरमा बारा जिल्ला अदालतबाट सजायको फैसला भएको थियो । अदालतको फैसला कार्यान्वयनका लागि वडाध्यक्ष कुशवाहालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । कुशवाहालाई आइतबार बारा जिल्ला अदालतमा पेस गरिएको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए ।

# एमालेलाई स्पष्ट बहुमत ल्याउने ‘मिसन २०८४’ मा जुट्न जनप्रतिनिधिलाई प्रधानमन्त्रीको आग्रह




**ललितपुर ।**
प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले स्थानीय तहका निर्वाचित वडाध्यक्षहरूले जनता र पार्टीसँगको घनिष्ट सम्बन्धलाई सुदृढ बनाएर विकास र सुशासनका लागि काम गर्नु बताएका छन ।

नेकपा (एमाले)को बागमती प्रदेशस्तरीय जननिर्वाचित वडाध्यक्षहरूको प्रशिक्षण कार्यक्रमको आईतवार उद्घाटन गर्दै अध्यक्ष ओलीले जनतालाई छिटो र सहज सेवाका साथै विकास र सुशासन कायम गर्ने क्रममा निर्वाचित पालिकाका प्रमुख तथा उपप्रमुखसहित अन्य राजनीतिक पार्टीसँग समेत समन्वय गरेर आमजनताको विश्वास जित्ने गरी काम गर्न आग्रह गरे ।

‘तपाईँहरू पार्टीबाट निर्वाचित भएर जिम्मेवारीमा गएको हो । निर्वाचन जितेपछि चङ्गाको धागो काटिएजस्तो पार्टीसँगको सम्पर्क काटिनु हुँदैन । मैले जितेँ, मलाई अरु मतलव छैन भन्न मिल्दैन । अर्को निर्वाचन पनि आउँछ । त्यसकारण तपाईँहरूले अहिले पार्टीका नीति तथा निर्देशनलाई पालना गर्दै देश र जनताको सेवामा सक्रिय रहनुपर्छ’, प्रधानमन्त्री ओलीले भने, ‘एमाले पार्टी वास्तविक जनतन्त्रका लागि बनेको हो । देशको स्वाधीनता र भौगोलिक अखण्डताका पक्षमा दृढ भएर लाग्ने पार्टी हो । एमाले देशको नायक पार्टी हो । तथाकथित केही वामपन्थीहरू एमालेलाई धुलो चटाउँछु, टर्च लाइट बालेर खोज्न नभेटिने बनाउँछु भनेर अनेक षड्यन्त्रमा उत्रिए तर हामीले ती षड्यन्त्रहरू चकनाचुर बनाएर अगाडि बढेका छौँ ।

प्रधानमन्त्री ओलीले आफूहरूले कम्युनिष्ट भनेर पार्टी एकता गरेपछि लगभग दुईतिहाइमा पुगेको नेकपालाई विभाजनको अपराध गरेर एमालेको देश बनाउने अभियानलाई रोक्न खोजेको टिप्पणी गर्दै देशलाई बनाउन नदिने देशी–विदेशीहरूको एमालेमाथिको आक्रमण देशकै विरुद्धको आक्रमण हो भने ।

“उनीहरू खासमा कम्युनिष्ट थिएनन् । उनीहरूले अरुको विरोध नगरी एमालेको मात्रै विरोध गर्छन् । अनि वामपन्थीबीच एकता हुनुपर्छ भनेर उनीहरूले भन्दा हाम्रा कतिपय साथीहरू हो कि भन्ने गलत बुझाइमा पर्छन, अध्यक्ष ओलीले भने, ‘कम्बोडियामा मेरो ३२ अरब रुपैयाँ लगानी छ भनेर हल्ला फिँजाउने व्यक्ति ‘प्रचण्ड’ हुन् ।

त्यसको पछि लाग्नेहरू माधव नेपाल र झलनाथ खनालहरू हुन् । माधव र झलनाथले पार्टी प्रमुख हुँदा प्रभावकारी रुपमा चलाउन सकेनन् । पछिसम्म पार्टीचाहिँ कब्जामा लिएर बस्न खोजे ।

हामीले निकम्मा, बेठिक र परनिर्भर नेतृत्व विस्थापन गरेर समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाका साथ पार्टीलाई अगाडि बढाउँदा उनीहरूलाई चित्त बुझेन अनि हामीविरुद्ध षड्यन्त्रमा लागेका छन् । देशी–विदेशी प्रतिक्रियावादीहरूले हामीलाई लडाउन खोजेका छन्, त्यसमा सजग भएर आपसी द्वन्द्व र खिचातानीका प्रवृत्तिमा हामी जान हुँदैन । यो कुरा हामीले जनतासमक्ष बुझाउनुपर्छ ।’

राजतन्त्र फर्कने कुनै आधार नभए पनि प्रतिगामी तत्वहरू सल्बलाउँदा एमालेहरूको मनोवल गिर्न नहुने उल्लेख गर्दै लाज नमानीकन जनतालाई रैती हुन पाऊँ भन्नेहरूले फैलाउने भ्रम चिर्न प्रधानमन्त्री ओलीले आग्रह गरे ।

अहिले भ्रष्टाचारीहरू र सहकारीपीडितले नै ‘भ्रष्टाचारको विरोध र सहकारीलाई न्याय दे’ भन्नेजस्ता आवाज उठाएर जनतामा भ्रम छरेको पनि अध्यक्ष ओलीको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले नेकपा (माओवादी केन्द्र)ले २०६४ सालमा आफ्ना लडाकु क्याम्पमा राखेर र मार्चपास गराएर जनतालाई तर्साएर आतङ्कको राज गरेकाले त्यसबेला आफूहरू पराजित भए पनि माओवादीले २०६४ सालको जस्तो परिणाम ल्याउने सपना देख्नुमा कुनै दम नभएको स्पष्ट गरे । ‘माओवादी आतङ्कको छायाँमा हामीले २०६४ सालको निर्वाचनमा हार व्यहोराका हौँ । अब न २०६४ साल आउँछ, न माओवादी आउँछ । यो मुलुकमा एमाले नै मजबुत पार्टी हो । हामीसँग यो मुलुकलाई विकास र सुशासनको नेतृत्व दिने सामथ्र्य छ । त्यसकारण एकापसमा अलमलमा पर्ने र विभाजन नभई आफ्नो शक्तिलाई सुदृढ गरौँ । पार्टीलाई स्पष्ट बहुमतमा ल्याउने ‘मिसन २०८४’ का लागि जुटौँ ।’

दुईदिने सो प्रशिक्षण कार्यक्रममा नेकपा (एमाले)बाट निर्वाचित बागमती प्रदेशका तीन सय ५९ जना वडाध्यक्षको सहभागिता रहेको छ ।रासस

# ‘जेठ अन्त्यसम्ममा फ्लाईओभर सम्पन्न हुन्छ’

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले काठमाडौँको ग्वार्कोमा निर्माणाधीन फ्लाईओभर यही जेठ अन्त्यसम्ममा सम्पन्न हुने बताएका छन ।



आईतवार बिहान फ्लाईओभर निर्माण क्षेत्रको स्थलगत निरीक्षणका क्रममा उनले बाँकी काम यथाशीघ्र सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए ।

जेठभरिमा निर्माण सम्पन्न भएलगत्तै फ्लाईओभरबाट सवारीसाधन सञ्चालनको तयारी गरिने उनले बताए । ‘अब पनि ढिलाइ गर्ने छुट छैन’, मन्त्री दाहालले भने, ‘परिस्थिति बाहिरको प्राकृतिक विपद् नआएमा जेठको अन्त्यसम्ममा सवारीसधान सञ्चालनको तयारी गर्नुपर्छ । यो एउटा प्रतिक्षाको आयोजना भएकाले यथाशीघ्र सञ्चालन गर्नुपर्ने छ ।’

फ्लाईओभरअन्तर्गत ३५ मिटर स्पानको चारलेन प्रिकाष्ट ग्रिडर पुलसहित एप्रोच सडक तथा कालोपत्र निर्माण भइरहेको छ ।

फ्लाईओभरमा ट्राफिक लाइट जडानको कार्य पनि हुनेछ ।

अनुगमनका क्रममा मन्त्रालयका सचिव केशवकुमार शर्माले निर्माणका क्रममा केही प्राविधिक समस्या देखिएका बताउँदै ती समस्या समाधान भइसकेका जानकारी दिए ।

सडक विभागका महानिर्देशक रामहरि पोखरेलले राजधानीको सवारी व्यवस्थापनका लागि ग्वार्को फ्लाईओभर महत्त्वपूर्ण योजनाका रूपमा रहेकाले यसलाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने धारणा राखे ।

सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दिप बराहीका अनुसार भौतिक पूर्वाधारको मुख्य काम सकिएको छभने हाल आवश्यक भागमा कालोपत्र भइरहेको छ । विसं २०८० फागुन ११ गते सम्पन्न गर्नेगरी १७ करोड ६ लाख ८८ हजार रुपैयाँको लागतमा निर्माण सुरु भएको फ्लाईओभर निर्धारित समयमा सम्पन्न नभएपछि म्याद थप भएको थियो ।रासस

# सबै दलको सहमतिमा संविधान संशोधन गर्नुपर्ने

**विराटनगर ।**
नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री कृष्णप्रसाद सिटौलाले संविधान जारी भएको १० वर्ष पूरा भएको सन्दर्भमा राज्यका सबै प्रणालीको समीक्षासँगै सबै दलको सहमतिमा संविधान संशोधन गर्नुपर्ने बताएका छन ।

आईतवार पत्रकारहरुसँग कुरा गर्दैं नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी(एमाले)को सहमतिमा मात्र संविधान संशोधन गर्न सहज हुने वास्तविकता प्रस्तुत गर्दै उनले संविधान संशोधनका निम्ति प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेश सरकारको पनि सहमति आवश्यक भएको विचार व्यक्त गरे ।

जनतामा नैराश्यता बढ्न नदिन सुशासन, सेवा प्रवाहका साथै देशको विकास– निर्माणलाई केन्द्रमा राखेर राज्य संयन्त्रले इमानदारीपूर्वक काम गर्नुपर्नेमा सांसद सिटौलाले जोड दिए ।

देश र जनतालाई प्राथमिकतामा राखेर राजनीतिक दलहरुले आफूलाई आन्तारिक लोकतन्त्रसहित व्यवस्थित गर्नुपर्ने सुझाव दिँदै सांसद् सिटौलाले लोकतन्त्रमा विपक्षीका आवाज सबैले सुन्नुपर्ने बताए ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ बताउन सबै राजनीतिक दलका नेताले जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने विचार उनले व्यक्त गरे ।

संवैधानिक निकायको अनुसन्धानमा रहेको विषयलाई लिएर गृहमन्त्रीले राजीनामा गर्ननपर्ने भन्दै उनले नेपाली कांग्रेसको महाधिवेशन २०८३ साल मङ्सिरमा हुनसक्ने बताए ।

सांसद सिटौलाले जनमत सङ्ग्रह र हिन्दू राष्ट्र कायम गर्ने विषयमा संसद्मा छलफल हुनुपर्ने धारणा व्यक्त गरे । साथै उनले राजसंस्था पुनःस्थापना हुँदैन भने ।रासस

# गङ्गा दशहरा पर्व विशेषः गोसाइँकुण्ड जानेको चलहपहल शुरु

**रसुवा ।**
गङ्गा दशहरा पर्वको पावन अवसरमा पवित्र तीर्थस्तल गोसाइँकुण्ड जाने भक्तजनको अहिले यहाँ चहलपहल सुरु भएको छ ।

यही जेठ १३ गतेदेखि सुरु हुने सो मेला भर्न आउने भारतीयसहित नेपाली तीर्थालुको जिल्ला सदरमुकाम धुञ्चेसहित आसपासका क्षेत्रमा चहलपहल देखिएको छ । समुद्री सतहबाट चार हजार ३८० मिटर उचाइमा रहेको गोसाइँकुण्डमा यही जेठ २४ गतेसम्म लाग्ने धार्मिक मेलामा जाने भक्तजनको उल्लेख्य उपस्थिति रहेको जिल्ला प्रहरी कार्यालय, रसुवाका प्रमुख हेमबहादुर शाहीले बताए ।

गङ्गा दशहरा पर्वका अवसरमा यस वर्ष मित्रराष्ट्र भारतसहित टाढाबाट समेत धार्मिक पर्यटक आउने क्रम सुरु भएको बताउँदै जिल्ला प्रहरी प्रमुख शाहीले सोही अनुसार सुरक्षा व्यवस्थासहित आवश्यक तयारी गरेको स्पष्ट गरे । गोसाइँकुण्ड क्षेत्र विकास समितिले काठमाडौँदेखि धुञ्चेसम्मको मोटर यात्रापछि पैदल यात्रा सुरु भई तिवारी बगर, खन्ती, देउराली, डिम्सा, चोलाङपाटी हुँदै गोसाइँकुण्ड पुग्न सकिने बताउँदै पैदल यात्राका क्रममा समस्या भए सहजीकरण गर्ने प्रतिबद्धता गरेको छ । पवित्र तीर्थस्थल गोसाइँकुण्डमा विशेष पर्व गङ्गा दशहरा पर्वमा १० दिन र जनैपूर्णिमा पर्वमा पाँच दिन गरी वर्षको १५ दिन विशेष मेला लाग्ने गर्दछ ।

गोसाइँकुण्डमा स्नान गरी धुन्चे आइपुग्नुभएका कृषि वैज्ञानिक डा ताराबहादुर घिमिरेले जिन्दगीमा एकपटक भए पनि पुग्नैपर्ने हाम्रो धार्मिक आस्थाको केन्द्र शिव शङ्कर भगवान् विराजमान कुण्ड गोसाइँकुण्ड पुगी स्नान गर्न सबैलाई सुझाव दिए ।रासस

# जापान भ्रमण उपलब्धिमूलकः परराष्ट्रमन्त्री

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आफूले हालै सम्पन्न गरेको पाँचदिने जापान भ्रमण उपलब्धिमूलक रहेको बताएकी छन ।

जापान भ्रमण पूरा गरी गएराति स्वदेश फर्किएपछि उनले आफ्नो भ्रमणका क्रममा जापानका विदेशमन्त्रीसहित विभिन्न महत्वपूर्ण भेटवार्ता भएका तथा नेपाल– जापान सहयोग एवं विभिन्न परियोजनाका बारेमा कुराकानी भएको जानकारी दिईन । उक्त भेटवार्ताहरु मुलुकका लागि उपलब्धिमूलक रहेको जानकारी दिनुभएको उनको सचिवालयले जनाएको छ ।

मन्त्री डा राणाले भनिन, ‘यस भ्रमणका क्रममा नेपाल जापान सम्बन्धका विविध विषयका साथै नेपालमा जापानको सहयोग र परियोजनाका बारेमा कुराकानी भयो । त्यस्तै सम्मेलनमा ज्येष्ठ नागरिकहरुका सम्बन्धमा अन्य देशहरुले अपनाएका नीति, त्यहाँका अवस्था तथा व्यवस्थाका बारेमा पनि जान्ने मौका मिल्यो ।’

परराष्ट्रमन्त्री डा राणा र जापानका विदेशमन्त्री इवाया ताकेसीबीच यही जेठ ८ गते टोकियोमा द्विपक्षीय भेटवार्ता भएको थियो । त्यस भेटका अवसरमा नेपाल–जापान द्विपक्षीय सम्बन्ध, आपसीहित र साझा चासोका विविध विषयमा कुराकानी भएको उनले जानकारी दिईन ।

त्यसैगरी मन्त्री डा राणाले यही जेठ ९ गते जापान इन्टरनेशनल कोअपरेसन एजेन्सी, जाइकाका अध्यक्ष डा तानाका अकिहिकोसँग पनि भेटवार्ता गरेकी थिईन । सो भेटमा मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिकलगायतका विविध क्षेत्रमा विगत लामो समयदेखि जाइकामार्फत जापान सरकारले पु¥याउँदै आएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै जाइकाको सहयोगमा नेपालमा सञ्चालित र सम्पन्न परियोजनाका बारेमा कुराकानी गरेकी थिईन ।

यसअघि उनिसँग जापानका उपविदेशमन्त्री इकुइना अकिकोले पनि शिष्टाचार भेटवार्ता गरेका थिए । गत हप्ता नेपालमा आयोजित सगरमाथा संवादमा सहभागी हुनुभएकी उपविदेशमन्त्री अकिकोलाई मन्त्री डा राणाले धन्यवाद ज्ञापन गरेकी थिईन ।

जापानमा रहँदा मन्त्री डा राणा टोकियोमा आयोजित ज्येष्ठ नागरिकसम्बन्धी एक अन्तरराष्ट्रिय सम्मेलनमा सहभागी भई नेपालका तर्फबाट सम्बोधन पनि गरेकी थिईन । जापानको भ्रमण पूरागरी गएराति स्वदेश फर्कनुभएकी मन्त्री डा राणालाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईसहित अधिकारीहरुले स्वागत गरेका थिए । उनि गत सोमबार जापान गएकी थिईन ।रासस

# गणतन्त्र दिवसलाई उत्सवको रूपमा मनाउने एमाले सचिवालय बैठकको निर्णय

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउने भएको छ । ललितपुर च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा आईतवार बसेको सचिवालय बैठकले जेठ १५ गते गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउने निर्णय गरेको एमाले महासचिव शङ्कर पोखरेलले जानकारी दिए ।



सातदशक लामो बलिदानीपूर्ण सङ्घर्षको बलबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दिनलाई विशेष उत्सवका रूपमा मनाउन जनसमुदायलाई आह्वानसमेत गरिएको उनले बताए ।

उक्त उत्सवमा सक्रिय सहभागिताका लागि बैठकले सबैलाई आह्वानसमेत गरेको छ । उक्त दिन उपत्यका बाहिर पार्टी कमिटीले पालिकास्तरमा विशेष कार्यक्रम आयोजना गर्ने निर्णय गर्दै बैठकले त्यसको तयारीमा जुट्न सबै मातहतका कमिटीलाई निर्देश गरेको पार्टी महासचिव पोखरेलले जानकारी दिए ।

काठमाडौँ उपत्यकाका हकमा उपत्यकाका पार्टी कमिटीको आयोजनामा सांस्कृतिक झाँकीसहित दिवसमा उत्सव आयोजना गरिने र त्यसका लागि झाँकीको संयोजन नेपाल जनसांस्कृतिक महासङ्घले गर्नेछ । सांस्कृतिक झाँकीको आवश्यक संयोजन पार्टी कार्यालयका तर्फबाट पनि गरिने छ । जनताको परिवर्तनको आकाङ्क्षालाई सम्बोधन गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र ऐतिहासिक उपलब्धि रहेको अवस्थामा गणतन्त्रलाई सबल र सुदृढ बनाउने कुरामा पार्टीले जोड दिने महासचिव पोखरेलले बताए । जनताको सम्प्रभताविरुद्ध हुने कुनै पनि गतिविधि एमालेले स्वीकार नगर्ने भन्दै उनले गणतन्त्र जनताको सार्वभौम व्यवस्था भएको र त्यसलाई जनताको अधिकारका रूपमा स्थापित गर्ने काम भएको स्पष्ट पारे ।

‘गणतन्त्रलाई अझ सबल र सुदृढ बनाउनुपर्दछ भन्ने कुरामा अगाडि बढ्नुपर्ने बैठकले निष्कर्ष निकालेको छ । जनताको अधिकार रक्षा, जनताले पाएका उपलब्धिको संरक्षण र गणतन्त्रलाई उत्सवको रूपमा मनाउने कुरामा पार्टीको ध्यान केन्द्रीत छ’, महासचिव पोखरेलले भने ।रासस

# आठ सय युवाहरूको सहभागितामा ‘सम्पदा यात्रा’

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले युवाहरूलाई सम्पदाको गरिमासँग आत्म पहिचान बुझाएर व्यक्तित्व विकासमा सहयोग गर्ने मुख्य उद्देश्यले ‘सम्पदा यात्रा’ सम्पन्न गरेको छ ।

शनिबार काठमाडौँ महानगर वडा नं २२ ले आठ सय युवाको सहभागितामा सम्पदा यात्रा (सम्पदा म्हसिके) सम्पन्न गरेको वडाध्यक्ष चिनीकाजी महर्जनले जानकारी दिए । उनका अनुसार यात्राका क्रममा वडाभित्रका ३४ वटा ऐतिहासिक सम्पदा क्षेत्र जोडिने गरी मार्गको परिक्रमा गरिएको थियो । मुनेगु थाय्ः गणेश स्थान (न्युरोड)बाट सुरु भएको यात्रा दुगं वही (षडक्षरी महाविहार), दुगं बही नासः द्यः, प्युखा बहाः (अशोक चैत्य विहार), गूचाः त्वाः, सबल वहाः (मन्त्रसिद्धि महाविहार), तलेजु भवानी आगं छेँ, सवल बहाः (दशवल बिहार), लुँमढि चोक, तास्तु गणेश (चिकंअट), तःधं बहाः (धर्मचक्र महाविहार), दबू वहाः, पिन्छे बहाः (जम्बुनन्दन विहार), चिधं वहाः (जीर्ण उद्धार विहार), लुँमढि भद्रकाली द्यः छेँ (वतु), गुगुचाः गंछिं द्यः (नव दुर्गा द्यः छेँ), वतु नासः द्यः छेँ, वतु वहाः (धर्मचक्र बिहार) हुँदै अगाडि बढेको थियो । यस्तै, भुजिं वहाः (अशोक कीर्ति विहार), मूः बहाः (मूलश्री महाविहार), वं घः कुमारी चोक, कान्तेश्वर महादेव, पिपल बोट, कुमारी, रण मुक्तेश्वर, गणमहाबिहार (गगनसङ्गम महाविहार), ते वहाः नासः द्यः, ते बहाः (राजकीर्ति महाविहार), पाः ल्हाः द्यः (पद्मान्तक÷चन्द्र महारोषण,संकता), लुँमढि भद्रकाली द्यः छें (तेवहाः), पिगं द्यः (इन्द्रायणी)बाट लुँ हिति (सुन्धारा) र धरहरा पुगी समापन गरिएको थियो ।

धिमे, नायखिं, धाः बाजं जस्ता विभिन्न जातीय समुदायका परम्परागत वाद्यवादनसहित सम्पन्न गरिएको यात्रामा करिब आठ सय युवा सहभागी भएका थिए । उनीहरूलाई मूर्त सम्पदाको चिनारी, निर्माण शैली र विधि, यससँग धार्मिक तथा सामाजिक सम्बन्ध, अर्को सम्पदासँगको सम्बन्धसँगै ती सम्पदासँग जोडिएका रहनसहन, जात्रा पर्व र क्रियाकलापबारे जानकारी गराइएको थियो ।

यात्राको समापन गर्दै वडाध्यक्ष महर्जनले भने, ‘पुर्खाले हामीलाई निजी घरजग्गा धनसम्पत्ति मात्र छाडेर गएका हैनन् । यस्ता थुप्रै मूर्त र अमूर्त सम्पदा जोगाउने जिम्मा पनि दिएका छन् । पुर्खाले नासोका रूपमा छाडेर गएका सम्पदाहरूको पजिान सकेको छैन । यस्ता कार्यक्रमले युवा व्यक्तित्वमा सम्पदाप्रेम विकास हुने विश्वास लिएको छु ।’रासस



**बिक्रीका लागि राखिएको माटाबाट निर्मित सामग्रीः** सर्लाहीको बरहथवा बजारमा माटाबाट निर्मित सामग्री बिक्रीका लागि ग्राहकको पर्खाइमा व्यापारी । तस्बिरः रासस

# विभिन्न अपराधमा संलग्न चार समातिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विभिन्न अपराधमा संलग्न आरोपीहरु पक्राउ परेका छन् । सप्तरी, खडक नगरपालिका वडा नम्बर–११ बनौली टोल स्थितबाट लागुऔषध गाँजा अन्दाजी २ सय ८२ ग्रामसहित सोही स्थान बस्ने जिवछ कुमार साहको छोरा अन्दाजी वर्ष–१९ को कृष्णा कुमार साहलाई शनिबार राति प्रहरीले नियन्त्रण लिएको छ ।
पसलमा लागुऔषध गाँजा बिक्री वितरण गरिरहेको छ भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले कृष्णाकुमार साहले सञ्चालन गरेको किराना पसलमा खानतलासी गर्दा रातो रंगको काठको पेटीमा लागु औषध गाँजा जस्तो देखिने पदार्थसहित निजलाई नियन्त्रणमा लिएको छ ।
यस्तै, सप्तरी, खडक नगरपालिका वडा नम्बर–७ कल्याणपुरस्थितबाट लागुऔषध गाँजा ३ सय २० ग्रामसहित सोही स्थान बस्ने बर्ष–४८ को बुधसेन मण्डललाई शनिबार राति प्रहरीले नियन्त्रणमा लिएको छ ।
पसलमा लागु औषध गाँजा बिक्री वितरण गरिरहेको छ भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले बुधसेन मण्डलको घरमा गई हेर्दा घरको आँगनको कुनामा बोराले छोपी लुकाइछिपाइ राखेको प्लाष्टिक खोली हेर्दा गाँजाजस्तो देखिने पदार्थसहित बुधसेन मण्डललाई नियन्त्रणमा लिएको छ ।
यस्तै, सप्तरी, बोदेबर्साइन नगरपलिका–३ स्थितबाट लागु औषध मुद्दामा फरार प्रतिवादी सोही स्थान बस्ने महादेव साहको छोरा बर्ष–२५ को अमित कुमार साहलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बोदेबर्साइनबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा निजको आफ्नै घर वतनबाट पक्राउ गरेको हो ।
यस्तै, बारा, फेटा गाउँपालिका–५ स्थितबाट लागुऔषध गाँजा ३ किलो ३ सय ५० ग्रामसहित देश भारत जिल्ला मोतिहारी ग्राम इनर्वा बस्ने अन्दाजी बर्ष–४८ को सलिम मियाँलाई आइतबार बिहान प्रहरीले नियन्त्रणमा लिएको छ । अस्थाई प्रहरी पोष्ट जोतपुरबाट खटिएको प्रहरी टोलीले जोतपुरबाट निलकन्ठवा जाने बाटोमा फेटाबाट आउँदै गरेको साइकललाई चेक जाँच गर्दा साइकल चालकले बोकेको झोलाभित्र कालो प्लाष्टिकमा लागुऔषध फेला पारी नियन्त्रणमा लिएको हो ।

## मधेश प्रदेशमा निर्जीवन वीमामा दुई अर्ब १५ करोड

**मधेशदृष्टि**
**पर्सा ।**
नेपाल वीमा प्राधिकरण मधेश प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा निर्जीवन वीमातर्फ दुई अर्ब १५ करोड ७६ लाख रुपैयाँ वीमा शुल्क सङ्कलन गरेको छ । सोही अवधिमा भने निर्जीवन वीमातर्फ जारी वीमा लेख संख्या भने दुई लाख ५९ हजार ४ सय ७५ रुपैयाँ छ ।
निर्जीवन वीमातर्फ सात हजार १२४ संख्याले एक अर्ब ६० करोड २६ लाख रुपैयाँ रकम दाबी भुक्तानी माग गरेका छन् ।
तर, कार्यालयले यो माग गरेकामध्ये पाँच हजार ५ सय ८५ जनालाई एक अर्ब आठ करोड ४३ करोड रुपैयाँ दाबी भुक्तानी गरेको जनाएको छ । नेपाल वीमा प्राधिकरण मधेश प्रदेश कार्यालय प्रमुख प्रीति देवले मधेश प्रदेशमा पर्याप्त जनचेतनाको अभावले वीमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढ्न नसकेको बताइन् । 'हामीले वीमा सम्बन्धित साक्षारता अभियान सञ्चालन गर्दै आइरहेका छौँ,' उनले भनिन्, 'आगामी दिनमा वीमाको पहुँच अभिवृद्धि हुनेमा आशावादी रहेका छौँ ।'
कार्यालयले चालु आवको नौ महिनामा जीवन वीमा शुल्कबापत ११ अर्ब १६ करोड ७९ लाख रुपैयाँ सङ्कलन गरेको छ । यो अवधिमा मधेश प्रदेशमा ८६ हजार छ सय ७० वटा जीवन वीमाको वीमालेख संख्या रहेको छ । जीवन वीमा शुल्क सङ्कलनमा मधेश प्रदेशको हिस्सा नौ दशमलव २४ प्रतिशत रहेको छ । चैतसम्ममा जीवन वीमातर्फको दाबी भुक्तानी संख्या १७ हजार २ सय ६८ बाट दुई अर्ब ५४ करोड ६० लाख रुपैयाँ दाबी भुक्तानी गरेको छ । कार्यालयले गत आवको वर्षभरिमा भने जीवन वीमाकोतर्फको दाबी भुक्तानी संख्या २१ हजार ९ सय ४ संख्याबाट दुई अर्ब ८७ करोड ७४ लाख रुपैयाँ भुक्तानी गरेको छ ।

## साइबर सुरक्षा तथा कृत्रिम बौद्धिकतासम्बन्धी अभिमुखीकरण

**मधेशदृष्टि**
**वीरगंज ।**
साइबर सुरक्षा तथा कृत्रिम बौद्धिकता (एआइ) सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम आइतबार वीरगंजमा भएको छ । नेपाल आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासङ्घ पर्साको समन्वयमा कार्यक्रम गरिएको हो । कार्यक्रम उद्घाटन मधेश प्रदेशका सांसद श्याम पटेलले गरेका थिए ।
उद्घाटन समारोहमा सांसद पटेलले वर्तमान समयको राजनीति जस्तै मिडियामा पनि 'छाडापन' बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले बढ्दो युट्युबर र अनियन्त्रित सामग्रीका कारण पत्रकारिताको स्तर घटिरहेको बताउँदै पत्रकारलाई निष्पक्ष र उत्तरदायी भूमिका निर्वाह गर्न आग्रह गरे । कार्यक्रममा नेपाल आमसञ्चार प्राधिकरण, मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खरगले बोल्दै प्रदेशका सञ्चारकर्मीको उत्थान र विकासका लागि प्राधिकरण कटिबद्ध रहेको बताए ।
उनले हालसम्म प्रदेशभर चार सय पत्रकारको स्वास्थ्य तथा दुर्घटना वीमा भइसकेको जानकारी दिँदै अझ बाँकी पत्रकारलाई पनि वीमा योजनामा समेटिने बताए । कार्यक्रममा सहभागी पत्रकार तथा सञ्चारकर्मीलाई साइबर सुरक्षा र कृत्रिम बौद्धिकता (एआइ) सम्बन्धी समसामयिक विषयमा प्रशिक्षण दिइएको थियो ।

## असिनापीडित किसानद्वारा तालाबन्दी

**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढ नगरपालिकामा वैशाख १४ गते आएको विनाशकारी हावाहूरी र असिनापानीले तरकारी, मकै र धानजस्ता बालीमा भएको ठूलो क्षतिपछि पनि स्थानीय सरकारले कुनै राहत नदिएपछि आक्रोशित किसान आन्दोलनको बाटो रोज्न बाध्य भएका छन् । आइतबार सिम्रौनगढ नगरपालिकाको कार्यालयअगाडि भेला भएका पीडित किसानले कार्यालयको दुवै प्रवेशद्वारमा तालाबन्दी गर्दै धर्ना दिएका छन् ।
हावाहूरी र असिनाले वडा नम्बर १, २, ३, ६ र ७ मा करिब ९४ बिघा खेतमा लगाइएको बाली पूर्ण रूपमा नष्ट भएको छ । प्राकृतिक प्रकोपले करिब ६ सय किसानको जीविकामा गहिरो चोट पु¥याएको छ । नगरपालिकाले क्षतिपूर्तिको व्यवस्था नगरेसम्म आन्दोलन नरोकिने किसानको अडान छ ।

## गर्मीयाममा मधेशका ३ प्रतिशतलाई मात्र पानी

**मधेशदृष्टि**
**वीरगंज ।**
गर्मीयाममा खानेपानीको चरम अभाव खेप्न बाध्य हुने मधेशमा ३ प्रतिशतले मात्र खानेपानी संस्थानले उपलब्ध गराउने खानेपानी प्राप्त हुने गरेको छ । प्रदेशको आठवटै जिल्लामा नेपाल खानेपानी संस्थानले ९ वटा शाखाबाट खानेपानी सेवा दिइराखे पनि कुल जनसंख्याको मात्र ३.४१ प्रतिशत उपभोक्तालाई खानेपानीको सुविधा उपलब्ध गराउन सकेको छ ।
मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख २६ हजार २ सय ८८ रहेको छ भने जम्मा घरधुरीको संख्या ११ लाख १३ हजार ८ सय ७० छ । जसमध्ये ३८ हजार घरधुरीले मात्रै संस्थानद्वारा वितरण हुने खानेपानीको सुविधा पाउन सकेका छन् । प्रदेशका आठै जिल्लामा भूमिगत जलश्रोत (वेल)को संख्या ८२ थान छ भने रिजभ्वायर–ओभरहेड ट्यांकी २७ थान छन् । त्यसैगरी केमिकल डोजिङ युनिट ३२ थान र धारा संख्या ३८ हजार मात्रै रहेको संस्थानद्वारा प्राप्त तथ्यांकमा उल्लिखित छ । संस्थानले वीरगंज महानगरपालिकाको ३२ वटा वडामध्ये १८ वटा वडामा मात्रै धाराको सुविधा पु¥याउन सकेको छ ।
मधेश प्रदेशको अधिकांश क्षेत्रमा खानेपानीका लागि चापाकल तथा इनारहरूको प्रयोग गरिने भएकोले यी स्थानमा धाराको माग बढी नहुँदा खानेपानीको धारा जडान गर्न तत्परता नदेखाइएको खानेपानी संस्थानका इन्जिनियर राकेश गोइतले बताए ।

## मधेश क्रिकेटमा बारा र रौतहट विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
जेठ ६ गतेबाट शुरु भएको मधेश क्रिकेट लिगअन्तर्गत सम्पन्न भएका खेलहरुमध्ये आइतबार बिहान भएको पहिलो खेलमा बाराले पर्सा टिमलाई पराजित गरेको छ । निर्धारित २० ओभरको खेलमा पर्साले ८ विकेट गुमाउदै जम्मा १ सय २९ रन बनाउन सफल भएको थियो । जवाफी ब्याटिङ्गमा उत्रिएका बारा टिमले मात्र १४.४ ओभरमा ५ विकेटको क्षतिमा लक्ष्य भेटाउदै पर्सालाई हराउन सफल भएको हो ।दोश्रो खेल अन्तरगत अर्को खेल रौतहटले धनुषालाई फराकिलो रन अन्तरले पराजित गरेको छ ।

## एकदिने मोटिभेसनल तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल इनोभेटिभ सोसाइटीको आयोजना र वीरगंज नर्सिङ क्याम्पसको सहकार्यमा आयोजित एकदिने मोटिभेसनल तालिम कार्यक्रम भएको छ । कार्यक्रम वीरगंज नर्सिङ क्याम्पस परिसरमा भएको हो । एकसय नर्सिङ विद्यार्थीको सक्रिय सहभागिता कार्यक्रममा देखिएको थियो । कार्यक्रमका प्रमुख वक्ता डा. निरज कुमार सिंहले 'जीवन र त्यो एक घण्टा'बारे बोलेका थिए । उनले समय व्यवस्थापन, उद्देश्यपूर्ण जीवनशैली र व्यक्तिगत विकासमा प्रेरणा कसरी महत्त्वपूर्ण भूमिका खेल्दछ भन्नेबारे गहन प्रस्तुति दिए । त्यस्तै अर्की प्रमुख वक्ता डा. प्रीति यादवले 'सकारात्मक मानसिक स्वास्थ्य जागरूकता' विषयमा बोल्दै विद्यार्थीलाई मानसिक सशक्तिकरण, आत्मविश्वास अभिवृद्धि र सकारात्मक सोच विकास गर्न सकिने व्यावहारिक उपायहरू प्रस्तुत गरिन् । क्याम्पस प्रमुख डा. कल्पना पौडेलले नर्सिङ पेशामा मानसिक स्वास्थ्य र प्रेरणाको गहिरो सम्बन्ध रहेको उल्लेख गर्दै यस्ता तालिमले विद्यार्थीलाई व्यक्तिगत तथा व्यावसायिक जीवनमा सुदृढ बनाउने विश्वास व्यक्त गरिन् । कार्यक्रम नेपाल इनोभेटिभ सोसाइटीका अध्यक्ष कमल चौगाईको अध्यक्षतामा भएको हो ।

## बलात्कार आरोपमा पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
३४ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा ब्रहमपुरी गाउँपालिका–३ नोकैल्वाका ३७ वर्षीय नागेन्द्र कुमार यादवलाई जिल्ला प्रहरी कार्यालय मलंगवाले गिरफ्तार गरेको छ । आरोपित यादवले पीडित महिलालाई २०८१ फागुन ६ गते घरमा एक्लै रहेको अवस्थामा कुटपिट गर्नुका साथै बलात्कार प्रयास गरेको भन्दै चैत ११ गते पीडित पक्षले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिएका थिए । आरोपित यादवलाई गिरफ्तार गरी जेठ ९ गते जिल्ला अदालतबाट एक हप्ताको म्याद थप गराई घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर बालिस्टर सिंहले जानकारी दिए ।


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यालय,बसपार्क, वीरगंजको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रिको ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणाकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति **२०८१/०६/१३ , मिति २०८१/१२/०५,मिति २०८२/०२/०२ को** राष्ट्रिय स्तरको पत्रिकामा १५ तथा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिती २०८२/०२/१९ गते (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) सोमवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| |
|---|
| **क)ऋणीको नाम, ठेगाना** |
| स्व. हुसेनी राउत बराईको नाती, जगरनाथ राउत बठैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ३४८०२३०३८८,जारी मिति २०३४/०४/१५, पर्सा) बर्ष ६५ को महेन्द्र प्रसाद बरै । |
| **ख) कर्जाको प्रकार:- व्यक्तिगत अधिविकर्ष कर्जा , व्यक्तिगत आवधिक(घर) कर्जा तथा कृषि कर्जा** |
| **ग) कर्जाको सुरक्षण विवरण:** |
| **क**) स्व. हुसेनी राउत बरैको नाती, जगरनाथ राउत बरैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ३४८०२३०३८८,जारी मिति २०३४/०४/१५, पर्सा) बर्ष ६५ को महेन्द्र प्रसाद बरै को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं. ९४ को जम्मा क्षेत्रफल ०००४२.३० वर्ग मिटरको घर जग्गा ।<br>ख) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने ( ना.प्र.न.८०२३१४७९,जारी मिति २०४४/१२/१२, पर्सा) बर्ष ५६ की शेषकलि देवि चौरसियाकी नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं.९३, ९५ र १३४ को जम्मा क्षेत्रफल क्रमश: ८४.६०, ०००४२.३० र ०००१६.९६ वर्ग मिटर को घर जग्गा । |
| **घ) व्यक्तिगत जमानीकर्ताहरु :** |
| क) जगरनाथ राउत बरैको नाति, महेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा, सबैठवा गा.वि.स. वडा नं. ०५ बस्ने (ना.प्र.न. ३४-०१-७२-०१२५९ मिति २०७२/०२/१७ जि.प्र.का., पर्सा) बर्ष २६ को अंकित चौरसिया ।<br>**ख**) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने ( ना.प्र.न.८०२३१४७९ मिति २०४४/१२/१२, पर्सा) बर्ष ५६ की शेषकलि देवि चौरसिया । |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्रप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा सकेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ। |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ सातौ दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ। बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ जेठ १८ गते आइतबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ जेठ १९ गते सोमवार दिउँसो ४:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड ,बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

सम्पादकीय

# नयाँ बजेट र मधेश प्रदेश

*केही साताअघिसम्म मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले भनेका थिए, 'केन्द्र सरकारबाट प्रदेश सरकारलाई ३४ प्रतिशत भन्दा बढी पैसा नै पठाइएको छैन ।' यस्तो भएपछि प्रदेश सरकारले मात्रै लाहुरे भन्दा सुटकेश बढी नाच्ने भएर विकासका काम गर्नसक्ने अवस्था नै रहेन। प्रदेश आफैँ स्वायत्त र आर्थिक हिसाबले सम्पन्न पनि छैन। स्थानीय र प्रदेशबाट संकलित राजस्व केन्द्र सरकारबाट फेरि फिर्ता नआएसम्म आफ्नै भूगोलमा उठेको राजस्वको हकसमेत प्रदेश र स्थानीय तहलाई छैन। यसरी करमा समेत केन्द्रको हालिमुहाली भइरहेको संघीय प्रणालीमा हामी छौँ। यसैले हाम्रा प्रदेश सरकार र स्थानीय सरकारले चाहेर पनि कैयौँ काम गर्न नसकेको पक्का हो।*

*यस्तैमा फेरि बजेट बनाउने बेला भएको छ । प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजनासँगै प्रदेश सांसदलाई गाउँमा मुख देखाउन मिल्ने गरी टुक्रे योजना पनि दिनु नै छ । यसमाथि यस वर्ष स्थानीय तहमै ३० प्रतिशत बजेट कतौती हुने पहिले नै परिपत्र थियो। यसको असर प्रदेश सरकारमा पर्ने नै भयो । आर्थिक वर्षको ९ महिनासम्ममा ३४ प्रतिशत बजेटमा बाँचिरहेको प्रदेश सरकारले आर्थिकरुपमा बजेट रकमान्तर र हेरफेर गरेर भए पनि आफ्ना निकटको चित्त बुझाउन त सक्छ । तर गौरवका आयोजना र बहुवर्षीय आयोजनमा यथेष्ट बजेट पार्न सक्दैन । यसले प्रदेश सरकारले गर्न खोजेका कैयौँ कामहरु स्थगनमा परेका छन्। काम गर्न नसकिने पक्का छ।*

*आर्थिक वर्षको बजेट बनाउने तयारीमा प्रदेश सरकार क्रियाशील छ। तर यताको बजेट काटकुट पार्ने, कमिसन लिएर योजना बेच्ने भन्दा प्रदेश सरकार माथि जानसकेको छैन । बहालवाला मन्त्रीको रकम र कमिसनको बोलकबोलको अडियो नै सार्वजनिक गर्छु भनेर मधेश प्रदेश सभामा सदस्यहरुले बोल्दा पनि भ्रष्ट र बदमासलाई कारबाही गर्न नसक्ने प्रदेश सरकारको संयन्त्र छ। कसले कसलाई कारबाही गर्ने ? कारबाही गर्ने पनि कारबाही भोग्ने भन्दा अलिकता इमानदार त देखिनु पर्छ। तर यस्ता इमानदारको खडेरी भएकाले यो कसरी सम्भव छ र ? यस्तैमा मधेश प्रदेश सरकार बजेट बनाउन व्यस्त छ। हेरौँ बजेट कस्तो बन्नेछ। जनताको बजेट बन्ला कि नेताको ?*

# पर्वतीय पर्यटन नेपालको शान र पहिचान



सिद्धराज राई

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । प्राकृतिक सुन्दरताले नै नेपाल संसारको उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको छ। नेपालका हिमाल, पर्वतीय सांस्कृतिक, प्राकृतिक, भौगोलिक, जातीय, भाषिक, वातावरणीयलगायतको विविधता रहेको छ । नयाँ ठाउँ हेर्ने, नयाँ कार्य गर्ने, नयाँ विषय खोज्ने तथा बुझ्ने साथै मनको आनन्द लिने कार्य नै पर्यटनको मूल मर्म हो। भौगोलिक विविधता नेपालको विशिष्ट पहिचान हो । नेपाल पर्यटकीय दृष्टिले र पर्यटकीय क्रियाकलापहरूको सम्भावनालाई बढोत्तरी गर्नमा भौगोलिक विविधताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस विविधताले नै पर्यटनका विविध क्षेत्रहरूमध्ये साहसिक पर्यटनअन्तर्गत पर्ने पर्वतारोहण सम्भव भएको हो र यसका लागि नेपाल संसारकै आकर्षक गतव्यमा पर्दछ । नेपालमा पर्वतारोहणले समग्र पर्यटन क्षेत्रको महत्त्वपूर्ण र आकर्षक स्थान ओगटेको छ।

नेपाल सरकारले सर्वोच्च शिखर सगरमाथालगायत आठ हजार मिटर माथिका आठवटै हिमालहरू समेत गरेर चार सयभन्दा बढी हिमालमा आरोहण खुला गरेको छ । शताब्दीऔँ पहिलेबाट नेपालमा पर्वतारोहणका कार्य आरम्भ भएको पाइन्छ। सन् १९२१ मा सगरमाथा हिमाल आरोहणको पहिलो प्रयास भएको र उक्त अवधिमा सगरमाथा चढ्ने बाटो पत्ता लागेको अध्ययनबाट देखिन्छ । बेलायत सरकारले लेफ्टिनेन्ट कर्णेल सिके होवार्ड बुरेको नेतृत्वमा जर्ज मेलोरी तथा अन्य पर्वतारोही र सर्भेयरहरू समावेश गरी पहिलोपटक सगरमाथाको आरोहण गर्ने टोली बनाएको थियो । उक्त टोलीले सन् १९२१ को वसन्त ऋतुमा तिब्बतबाट सगरमाथा आधार शिविर जाने बाटो पत्ता लगायो र सगरमाथाको तिब्बती मोहोडातिरबाट लगभग सात हजार मिटरको उचाइसम्म पुगेर फर्किएको इतिहास रहेको छ। यो ठाउँलाई हाल नर्थ कोल भनिन्छ।

सन् १९५० मा भएको अन्नपूर्ण हिमालको सफल आरोहण नै आठ हजार मिटरमाथिका हिमालमा मानव पाइला पुगेको पहिलो इतिहास हो। सन् १९५३ मे २९ मा न्यूजील्याण्डका नागरिक, एडमण्ड हिलारी र नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक मानव पाइला टेक्न सफल हुनुभयो। यसपछि नेपालमा पर्वतारोहणले विश्वको ध्यान आकर्षित गर्यो भन्दा अत्युक्ति नहोला । योसँगै नेपालको महाभारत र चुरे पर्वत श्रृङ्खलामा बनेका ताल, झर्ना, सहासिक खेल र प्राकृतिक सुन्दरताले नेपालको पर्यटनले थप उचाइमा लगेको छ।

विश्वकै सर्वोच्च शिखर सगरमाथासँगै सुन्दर हिमश्रृङ्खला हुनुले नेपाललाई 'पर्वतीय गन्तव्य'का रूपमा चिनाएको छ । पर्वतीय श्रृङ्खलाहरू हाम्रो शान र पहिचान हुन्। यी श्रृंखलामा फस्टाउने पर्यटन उद्योगले आर्थिक सुधारका लागि छिटोभन्दा छिटो नतिजा दिन सक्छ। पर्यटनको विकास हुन सक्यो भने हामीले छिटै आर्थिक समृद्धि हासिल गर्न सक्छौँ। नेपाल सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई सार्थक बनाउन पर्यटन क्षेत्र एक दरिलो आधार बन्न सक्छ। पर्यटकहरूको आगमन बढेपछि हाम्रो आर्थिक उपार्जनको स्रोतहरू अथाह बढेर जानेछन् भन्ने हाम्रो विश्वास हो । पर्यटकलाई घुमाएर होस् वा खान बस्न दिएर, आफ्नो कला संस्कृति प्रस्तुत गरेर होस् वा कुनै उत्पादन बेचेर, मनग्यै आयआर्जन लिन सकिने सम्भावना रहन्छ।

हिमाललाई ब्रान्डिङ गर्ने र भौतिक पूर्वाधारहरू निर्माण गर्ने कार्य अहिलेको आवश्यकता हो । विदेशी मिडियाले पनि नेपालको हिमालमा भएका गतिविधिलाई मुख्य समाचार बनाएको पाउँछौँ। हिमाली पर्यटन अबको नयाँ विकल्प हुने छ । यसलाई नेपालले उपयोग गर्नुपर्छ भन्ने हामीलाई लागेको छ । पछिल्लो समयमा नेपालमा पदयात्री पर्यटकको सङ्ख्या बढेको छ। सगरमाथा, अन्नपूर्ण, लाङ्टाङ, कर्णाली, पूर्वमा कञ्चनजङ्गा र काठमाडौँ उपत्यका आसपासका पर्वतीय क्षेत्रमा समेत पदयात्रीको आकर्षण बढ्दै गएको देखिन्छ । पर्वतीय पर्यटनलाई थप समृद्ध बनाउन पदयात्रा पर्यटनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सके मात्रै आर्थिक रुपमा अपेक्षित सफलता हासिल गर्न सक्छौँ । पदयात्रा पर्यटनले स्थानीय सम्पदालाई असर नपुग्ने गरी स्वच्छ मनोरञ्जन एवं फरक अनुभूति बटुल्ने पर्यटकका गतिविधिलाई सम्मान गर्दछ । नेपालमा पर्वतीय क्षेत्रको पर्यटन प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित छ । यसलाई भरपुर उपभोग गर्न नसकेको यथार्थ हाम्रासामु रहेको छ।

हिमाल र पर्वतहरू प्रकृतिका अमूल्य सम्पदा हुन् । यस क्षेत्रलाई जैविक विविधताको मुख्य क्षेत्र भनेर पनि चिनिन्छ । पछिल्ला दिनमा हिमाल र पर्वतहरूले जलवायु परिवर्तनको ठूलो प्रभावको सामना गरिरहेका छन् । जलवायु परिवर्तनका प्रभावहरू तीव्ररूपमा बढ्दा नेपालको हिमाली क्षेत्रमा सबैभन्दा धेरै प्रतिकूल वातावरणीय प्रभाव परेको छ । हिमनदीहरू पग्लिँदै जानु, हिमालमा हिउँ हराउँदै जानु र अनियमित मौसमको सामना गर्नुपर्ने चुनौतीहरू हिमाली क्षेत्रमा खडा भएका छन् । कृषि, जलस्रोत, जैविक विविधतासँगै हिमाल र नजिकका क्षेत्रका समुदायको जीविकोपार्जनमा गम्भीर जोखिम देखिएको छ। हिमालमा जलवायु परिवर्तनको प्रभावले तल्लो र तटीय क्षेत्रमा दूरगामी प्रभाव पार्न सक्छ । यी विषयले अझै पनि विश्वमञ्चमा उचित प्रतिनिधित्व र बहस पाउन सकेको छैन । जलवायु परिवर्तनको विषयमा छलफल र अध्ययन पुगेकै छैन । पर्याप्त अध्ययन गर्न लगानी जरूरी पर्छ।

जलवायु परिवर्तनका विषयमा निरन्तर संवाद गर्नुपर्छ । यसै सन्दर्भमा नेपाल सरकारले यही जेठ २ देखि ४ गतेसम्म आयोजना गरेको सगरमाथा संवादले केही हदसम्म अन्तरराष्ट्रिय मञ्चमा नेपालको हिमाल र जलवायु परिवर्तनको प्रभावको विषयमा उजागर गर्ने प्रयास गरेको छ भन्ने हाम्रो बुझाइ हो । तर राजनीतिक परिवर्तनसँगै जलवायु परिवर्तनका विषयलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन भएको पाइन्छ। यसले नेपालको मुद्दालाई अन्तरराष्ट्रिय फोरममा बहसमा लैजान समस्या हुने गरेको छ। आर्थिक सहयोग आउँदा सिजनल रुपमा मात्र कुरा उठाउनेभन्दा पनि निरन्तर अभियान चलाउनु पर्छ । अनुसन्धानबाट आएका तथ्यका आधारमा कसरी काम भइरहेको छ भनेर समीक्षा गर्नु पर्छ। प्रकृतिलाई बिगारेर होइन, सिङ्गारे र विकास गर्नुपर्छ । बोल्नेहरूले त आफैँ कुरा उठाउँछन्। तर नबोल्ने प्रकृतिका विषयमा पनि बोल्नुपर्छ। यो विषय आजको मुख्य दायित्व हो भन्ने लाग्दछ।

यही विषयलाई मनन् गरेर राससले पर्वतीय पर्यटनका विषयमा तस्बिर प्रदर्शनी गरेको हो। यस वर्षको गणतन्त्र दिवसलाई अवसर पारेर नेपालको पर्वतीय पर्यटनलाई टेवा पुर्याउने र नेपाल सरकारको 'सगरमाथा संवाद' कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' शीर्षकमा तस्बिर प्रदर्शनी आयोजना गरेको छ । यो तस्बिर प्रदर्शनीले राससका फोटो पत्रकारले खिचेका, सम्प्रेषण भएका तस्बिरहरू खोज्ने र अर्काइभिङ गर्ने, राससमा छापिएका तस्बिर संरक्षण गरेर भावी पुस्तालाई अमूल्य सम्पत्ति हस्तान्तरण गर्ने, नेपालमा पर्वतीय पर्यटनको अवस्था र सम्भावनाको विषयमा जानकारी दिने र नेपालका हिमालहरूको विषयमा जानकारी दिने कार्य गर्छ भन्ने हामीलाई लागेको छ । नेपालका आठ हजार मिटर अग्ला र त्यसभन्दा होचा तर चर्चामा रहेका हिमालहरू, हिमाली क्षेत्रको जनजीवन, पर्वतीय श्रृङ्खलामा पुगेका विदेशी उच्च पदस्थ व्यक्तिहरू, पर्वतीय श्रृङ्खला, पहाडी क्षेत्रमा रहेका पर्यटकीय गन्तव्य, ताल, पोखरीलगायतका विषयमा खिचिएका तस्बिरलाई प्रदर्शनीमा राखेको छ। राससका समाचारदाताहरूले खिचेका र राससको बुलेटिनमा प्रकाशित भएका करिब एक सयवटा तस्बिरबाट नेपालको पर्वतीय पर्यटनलाई चिनाउने प्रयास गरेका छौँ । प्रदर्शनीमा राखिएका तस्बिरहरू नेपालको हिमाल र पर्वतीय क्षेत्रमा विकास भइरहेको पर्यटनलाई चिनाउने प्रयास मात्र हो। रासस

# लोमान्थाङमा 'तिजी' पर्व



*उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका लोमान्थाङमा शनिबारदेखि सदियौँ वर्षदेखि चल्दै आइरहेको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व तिजी औपचारिक रूपमा शुरू भएको छ । उपल्लो मुस्ताङमा तिजी पर्वलाई सबैभन्दा महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा लिने गरिन्छ।*

*उपल्लो मुस्ताङको लोछोदिन समुदायका गुरुङ र विष्ट समुदायका मानिस एकै थलोमा भेला भएर तिजी पर्वलाई हर्ष र उल्लासका साथ मनाउने प्रचलन छ । लोमान्थाङ र लोघेकर दामोदरकुण्डको संयुक्त आर्थिक सहयोग तथा लोमान्थाङस्थित छोदे गुम्बाको व्यवस्थापनमा लोमान्थाङस्थित मुस्ताङ सांस्कृतिक राजाको दरबार परिसरमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व 'तिजी' शुभारम्भ गरिएको हो। तिजीलाई तिब्बती भाषामा 'तेन्जी' पर्व भन्ने गरिन्छ।*

*तिजी पर्वका बेलामा उपल्लो मुस्ताङका स्थानीय नागरिकले आफ्नो आर्थिक हैसियतअनुसार खानपान गर्ने, नयाँ मौलिक वेशभूषासहितको लुगा र गरगहना लगाउने गर्छन् । तिजी पर्व अवधिभर गुम्बा र छोर्तेनमा गएर सामूहिक पूजाआजा गर्ने धार्मिक चलन छ। उपल्लो मुस्ताङमा तिजी पर्व तीनसम्म मनाइने प्रचलन रहेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो। ''तिजी पर्व एक किसिमको धार्मिक पूजा नै हो, तर यो धार्मिक पूजालाई लोछोदिन समुदायले पर्वका रूपमा विस्तार गरेको हो'', उहाँले भन्नुभयो, 'उपल्लो मुस्ताङको लोछोदिन समुदायलाई कसैबाट आक्रमण नहोस्, शान्ति स्थापना होस्, सबैको भलो होस् भन्ने उद्देश्यले तिजी पूजाको रूपमा यो पर्व चल्दै आइरहेको हो।'*

*तिजी पर्वमा उपल्लो मुस्ताङअन्तर्गत साविकका सातवटै गाविसका मानिस लोमान्थाङस्थित तिजी पर्वमा उपस्थित भएर शान्ति पूजापाठमा सरिक हुनुपर्ने धार्मिक प्रचलन रहेको अध्यक्ष विष्टको भनाइ छ।*

*लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले उपल्लो मुस्ताङको धार्मिक तथा ऐतिहासिक पर्व तिजी उपल्लो मुस्ताङको सांस्कृतिक धरोहरका रूपमा रहेको बताउनुभयो। यो पर्वले उपल्लो मुस्ताङको समृद्धि, विकास र शान्ति स्थापना गर्न तथा उपल्लो मुस्ताङका नागरिकलाई भावानात्मक रूपमा एकताबद्ध गर्न तिजी पर्वले महत्त्वपूर्ण योगदान पुर्याउँदै आइरहेको उल्लेख गर्नुभयो।*

*तिजी पर्व आठौँ शताब्दीदेखि धर्मगुरु पद्मसम्भवको पालादेखि शुरू भएको लोमान्थाङस्थित लोमान्थाङ छोदे गुम्बाका लामा झ्याम्पा घ्याचो गुरुङले बताउनुभयो। गुरु पद्मसम्भवको पालादेखि शुरू भएको तिजी पर्व उपल्लो मुस्ताङमा पन्ध्रौँ शताब्दीमा मुस्ताङी दोस्रो राजाका छोरा आङ्जेन साङ्वोको पालादेखि शुरू भएको छोदे गुम्बाका लामा गुरुङको भनाइ छ।*

*पछिल्लो अवस्थामा उपल्लो मुस्ताङमा तिजी पर्व चल्दै गर्दा विभिन्न काखखण्डमा तिजी पर्व रोकिँदै र शुरू हुँदै आएकामा सन् १९६३ देखि नियमित रूपमा उपल्लो मुस्ताङमा तिजी सञ्चालन हुँदै आइरहेको छोदे गुम्बाका लामा गुरुङले जनाउनुभयो । त्यसो त विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरना सङ्क्रमणको जोखिमका कारण सन् २०२० देखि तीन वर्ष उपल्लो मुस्ताङमा तिजी पर्व रोकिएको लामा गुरुङले उल्लेख गर्नुभयो।*

*लोमान्थाङमा ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक पर्व तिजी तीन दिनसम्म नियमित रुपमा सञ्चालन हुने गर्छ। त्यस अवधिमा तीन दिनसम्म बिहान ६ः०० देखि १२ बजेसम्म त्यहाँको गुम्बामा लामाद्वारा बज्रकिलया देवता र महाकाल देवताको पूजापाठ गर्ने गरिन्छ । यसरी पूजापाठ गर्दा उपल्लो मुस्ताङलाई कसैले कुदृष्टि नलगाओस्, विश्व भातृत्व र शान्ति कायम होस्, रोगब्याधी र अनष्टि नहोस्, अन्नबाली सप्रियोस्, प्राकृतिक विपद्को सामाना गर्न नपरोस्, सबै लोछोदिन समुदायमा सुख, शान्ति समृद्धि छाओस् भन्ने कामना गर्दै छोदे गुम्बाका लामाहरूले सामूहिक पूजा गर्ने प्रचलन रहेको लामा झ्यम्पा घ्याचो गुरुङले जानकारी दिनुभयो।*

*यसैगरी तिजी पर्वको तीन दिनसम्म बिहानको धार्मिक पूजापाठपछि लोमान्थाङस्थित मुस्ताङी सांस्कृतिक राजाको दरबार परिसर अगाडि छोदे गुम्बाका लामाबाट बज्रकिलया र महाकाल देवताको नृत्य अभ्यास प्रस्तुत गर्ने गरिन्छ । यो प्रक्रिया तीन दिनसम्म नियमित चल्ने लामा गुरुङले सुनाउनुभयो। तिजी पर्वको अवसरमा लोमान्थाङको ऐतिहासिक दरबार अगाडि छोदे गुम्बाका लामाले ५४ प्रकारका बज्रकिलया र महाकाल देवताको नृत्य अभ्यास प्रस्तुत गर्ने चलन रहेको उहाँको भनाइ छ।*

*यसरी बज्रकिलया र महाकाल देवताको दुरुस्तै हुनेगरी मुकुट पहिरिएर नृत्य अभ्यास प्रर्दशन गर्ने गरिएको लामा गुरुङले बताउनुभयो । लोमान्थाङमा आयोजित लोछोदिन समुदायको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व तिजीको अन्तिम दिन तीन दिनसम्म पुजामा राििखएको तोर्म गाउँबाहिर लगेर बिर्सजन गरेपछि तिजी पर्व समापन भएको संकेत गरिन्छ। यसरीमा पुजामा राखिएको तोर्म बिर्सजन गर्नुअघि कुन दिशमा लगेर बिर्सजन गर्ने हो त्यसको लामाहरुले पुजा गरेपछि निक्र्योल गरिन्छ। तार्म बिर्सजन गर्दा मुस्ताङी राजपरिवार ,गाउँका भद्रभलाद्मी,लामाहरु र स्थानीय गाउँले मिलेर गाउँ बाहिर लगेर फ्याकिन्छ।*

*यसअघि तिजी पर्व शुरूहुँदा लोमान्थाङ स्थित मुस्ताङी सांस्कृतिक राजाको दरबारमा राखिएको दुई तला ठुलो करिव ३० फुट लामो गुरु पद्यम सम्भवको लुङ्ता बाहिर निकालेर लामाहरुले नृत्य अभ्यास गर्ने स्थान नजिकै झुन्ड्याउने गरिन्छ। गुरु पद्यम सम्भवको ठुलो आकारको लुुङ्ता वर्षको एक पटकमात्रै तिजी पर्वको बेला सार्वजनिक गर्ने प्रचलन रहेको लोमान्थाङ गाउँपालिका उपाध्यक्ष छिमी गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार दरबारबाट निकालिएको पद्यसम्भवको लुङ्ता तिजी पर्व सकेपछि पून ः दरबारमै लगेर राख्ने गरिएको छ।*

*दुरुस्तै तिब्बतीय कलासंस्कृतिको झल्कोदिने उपल्लो मुस्ताङमा आयोजना हुने यसप्रकारको तिजी पर्वलाई विदेशी पर्यटकहरुले निकै अभिरुची र चाँसोका साथ अवलोकन गर्ने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालय लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । तिजी पर्वको अवलोकन गर्ने र त्यहाँको धार्मिक तथा सांस्कृतिक सभ्यता र मौलिकतालाई विदेशी पर्यटकले फोटो र भिडियोमा कैंद गर्ने एक्याप लोमान्थाङका कार्यालय प्रमुख पौडेलको भनाइ छ। तिजी पर्वको अवलोकनका लागि उपल्लो मुस्ताङ आएका विदेशी पर्यटकको उपस्थितीले लोमान्थाङमा पर्यटकीय रौनकता बढाएको एक्याप लोमान्थाङ प्रमुख पौडेलले उल्लेख गर्नुभयो।*

*लोमान्थाङमा तिजी पर्वको छेको पारेर यसै हप्ता मात्रै पाँच सय दुई विदेशी पर्यटक उपल्लो मुस्ताङमा भित्रिएको एक्याप लोमान्थाङले जनाएको छ। कार्यालयअनुसार सन् २०२५ को मे १ देखि मे २३ तारिखसम्ममा सात सय ५५ विदेशी उपल्लो मुस्ताङ भित्रिएका हुन् । सन् २०२५ को जनवरीदेखि मे २३ सम्ममा एक हजार छ सय ४७ विदेशीले उपल्लो मुस्ताङको भ्रमण गरेको कार्यालय प्रमुख उमेश पौडेलको भनाइ छ। रासस*

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# लागुऔषध कारोबारमा संलग्न चार जना पक्राउ

**काठमाडौँ ।**
प्रहरीले लागुऔषध कारोबारमा संलग्न रहेको अभियोगमा चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।
सिन्धुली गोलञ्जोर गाउँपालिका–२ घर भई काठमाडौँ बूढानीलकण्ठ नगरपालिका–४ बस्ने २४ वर्षीय होमराज श्रेष्ठ, काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका–२ घर भई काठमाडौँ महानगरपालिका–१२ टेकु बस्ने २३ वर्षीय रविन श्रेष्ठ, नुवाकोट तारकेश्वर गाउँपालिका–४ घर भई हाल काठमाडौँ टेकु बस्ने २१ वर्षीय सुरेन्द्र अछामी र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका–४ का २५ वर्षीय विजय आलेमगर पक्राउ परेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।
उनले भने, 'कामाडौँको बल्खु क्षेत्रमा लागुऔषध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी वृत्त कालीमाटीबाट खटिएको प्रहरीको टोलीले बल्खुस्थित सडकखण्डमा शङ्कास्पद तवरले हिँडिरहेका होमराज श्रेष्ठलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा लागुऔषधको कारोबारमा संलग्न भएका पत्ता लागेपछि निजहरूलाई पक्राउ गरिएको हो ।'
प्रहरीले पक्राउ परेकाहरूका साथबाट लागुऔषध ट्रामाडोल एक हजार ६७ क्याप्सुल, नगद १९ हजार ५०० रुपैयाँ र विभिन्न कम्पनीका छवटा मोबाइल बरामद गरिएको जनाएको छ ।
पक्राउ परेकाहरूलाई काठमाडौँ जिल्ला अदालतबाट छ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता बोहराले बताए ।रासस

# नीति तथा कार्यक्रम बहुमतले पारित

**विराटनगर ।**
कोशी प्रदेशसभाको आइतबारको बैठकले वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित गरेको छ ।
सभामा मुख्यन्त्री हिक्मतकुमार कार्कीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो । बैठकले सदस्यद्वय गोम्बु शेर्पा र खिनु लिम्बूले संयुक्त रूपमा पेस गरेको संशोधन प्रस्ताव बहुमतले अस्वीकर गरेको छ । नीति तथा कार्यक्रममाथिको छलफलमा ४६ जना सदस्यले भाग लिएका थिए ।
नीति तथा कार्यक्रम पारित गर्न अनुरोध गर्दै मुख्यमन्त्री कार्कीले 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माण गर्न सरकार प्रतिबद्ध छ भने । उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्नु प्रदेश सरकारको प्राथमिकता भएको बताउँदै राजस्वको दायरा विस्तार, वित्तीय सुशासन र विकासका लागि स्रोतको दिगो व्यवस्थापन गर्न नीतिगत एवं संस्थागत सुधार गर्ने बताए । रासस

# कर्मचारीलाई तीनदिनभित्र काम सम्पन्न गर्न ऊर्जामन्त्रीको निर्देशन

**काठमाडौ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालय र मातहतका निकायमा हुने काम तीनदिनभित्र सम्पन्न गर्न कर्मचारीलाई निर्देशन दिएका छन । मन्त्रालय र मातहतका कर्मचारीको आईतवार बसेको बैठकमा उनले काम ढिलाइ नगरी प्रभावकारी कार्यसम्पादनमा लाग्न सबैलाई निर्देशन दिएका हुन ।
'मन्त्रालय र अन्तर्गतका निकायमा फाइल रोकिने, काममा ढिलाइ हुने गरेको गुनासो आएका छन् ।
कुनै पनि फाइल रोकिएर नागरिकले समस्या भोग्नु भएन, तीन दिनभित्र कुनैपनि फाइलको छिनोफानो हुनेगरी काम गर्नुहोस', मन्त्री खड्काले भने । उनले मन्त्रालयअन्तर्गतका निकायबाट उल्ललेख्य प्रगति हुन नसकेकामा चिन्ता व्यक्त गर्दै काममा ढिलाइ गर्ने, नागरिकलाई दुःख दिने गरेको पाइएमा कारबाही गरिने उल्लेख गरे ।
कर्मचारीलाई पुरस्कार र दण्डको व्यवस्था गरेमात्र हामीले लिएका लक्ष्य हासिल गर्न सहज हुने मन्त्रीको भनाइ छ । 'कर्मचारीलाई स्थायी सरकार भन्छौँ, काम स्थायी देखिँदैन, आफूले पाएको जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गरौँ', उनले भने । ऊर्जामन्त्री खड्काले मनसुन सुरु हुन लागेको भन्दै वर्षाबाट हुने जोखिम न्यूनीकरणका लागि सूचना प्रवाहलाई जनस्तरसम्म पु¥याउन जल तथा मौसम विज्ञान विभागलाई निर्देशन दिए ।
बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा, ऊर्जा सचिव सुरेश आचार्य, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, मन्त्रालयका सहसचिवलगायत मातहत निकायका कर्मचारीको सहभागिता थियो ।
बैठकमा मन्त्रालय र मन्त्रालय मातहतका निकायको वैशाख मसान्तसम्म भएको भौतिक तथा वित्तीय प्रगति विवरणसमेत प्रस्तुत गरिएको थियो । रासस

# सगरमाथा आरोहण गरेकी प्रनानी शेर्पालाई दर्ज्यानी चिह्न



**काठमाडौँ ।**
प्रहरी महानिरीक्षक दीपक थापाले सगरमाथाको सफल आरोहण गरेकी प्रहरी नायब निरीक्षक कुञ्जाङ छोपेल शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गरेका छन ।
प्रहरी प्रधान कार्यालयमा आईतवार आयोजित कार्यक्रममा उनले प्रहरी सहायक निरीक्षकबाट प्रहरी नायब निरीक्षक पदमा विशेष बढुवा हुनुभएकी शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गरेका हुन ।
यही जेठ ६ गतेको नीति निर्माण समिति (पिसिसी) बैठकले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी सङ्गठनको गौरव बढाउन सफल भएको भन्दै शेर्पालाई विशेष बढुवा प्रदान गर्ने निर्णय गरेको थियो ।
सो अवसरमा प्रहरी महानिरीक्षक थापाले अदम्य साहसका साथ विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी उनले प्रहरी सङ्गठनको श्रीवृद्धिका लागि गरेको कार्यको प्रशंसा गरे ।
प्रहरी सङ्गठनको प्रतिनिधित्व गर्दै प्रनानी शेर्पाले यही जेठ ५ गते सोमबार बिहान ८:५६ बजे सगरमाथाको सफलतापूर्वक आरोहण गरेको थियो । उनले सगरमाथा शिखरबाट नेपालको राष्ट्रिय झण्डा, नेपाल प्रहरीको झण्डा तथा 'महिला र बालिकाविरूद्ध हुने हिंसा अन्त्य गर्न एकजुट हौँ' भन्ने नारासहितको ब्यानर फहराए थिए ।रासस

# मस्तिष्क मृत्यु भएकाबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण

**भक्तपुर ।**
सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले नेपालमा पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरेको छ ।
केन्द्रले आईतवार आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरिएको जानकारी दिए ।
यही जेठ १ गते मस्तिष्क मृत्यु भएका १८ वर्षीय पुरुषबाट प्राप्त दुई मिर्गौला र एउटा कलेजो प्राप्त भएपछि काठमाडौँ मेडिकल कलेजले झिकेको अङ्गमध्ये एउटा मिर्गौला र कलेजो एकजनालाई र आर्को मिर्गौला एकजनामा सफलतापूर्वक प्रत्यारोपण गरिएको उनले जानकारी दिए । केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले विश्वमा दुर्लभ मानिएको यस्तो प्रत्यारोपण नेपालका लागि पहिलो सफलता भएको बताउँदै भने, 'मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको तीन अङ्गमध्ये एकजना बिरामीमा मिर्गौला र कलेजो प्रत्यारोपण गरिएको छ । अर्को ४२ वर्षीया एक महिलामा मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेका छौँ । उनको स्वास्थ्य अवस्था सुधार छ, अबको केही दिनमा उपचार सकेर घर फर्किनुहुन्छ ।'
केन्द्रका कार्यकारी निर्देशक एवं प्रत्यारोपण शल्यचिकित्सक डा पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा, कलेजो प्रत्यारोपणमा डा रोशन घिमिरे र डा प्रवीण महर्जनको सहयोग तथा मिर्गौला प्रत्यारोपणमा डा दिपेश श्रेष्ठ, डा रुपेशकुमार झा, डा हरिप्रसाद बराल, डा रोजन अधिकारी, डा विकास खड्का, एनेस्थेसिया तथा क्रिटिकल केयर विभागबाट डा आरती राई, डा निभा श्रेष्ठ, डा शोभित थापा, डा रेखा श्रेष्ठ, नेफ्रोलोजी विभागबाट डा कल्पनाकुमारी श्रेष्ठ, डा लुसन सिंह, डा सुमित आचार्य, डा सन्तोष सुवेदी र डा विक्रमवीर बज्राचार्यलगायत स्वास्थ्यकर्मीले सहफलतापूर्वक प्रत्यारोपण गरेका थिए ।
मस्तिष्क मृत भएका व्यक्तिबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण नेपाली टोलीबाटै सफल हुनाले चिकित्सा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएको कार्यकारी निर्देशक डा श्रेष्ठले बताए । नेपालमा सडक दुर्घटनाबाट प्रत्येक दिन चारदेखि छ जनाको मृत्यु हुने गरेको भन्दै काठमाडौँ उपत्यकामा मात्रै वार्षिक करिब एक हजार जनाको मस्तिष्क मृत्यु हुने गरिएकामा उनीहरूको अङ्ग झिकेर प्रत्यारोपण गर्न सके नेपाल अङ्ग प्रत्यारोपणमा आत्मनिर्भर हुनसक्ने अस्पतालले जनाएको छ ।
एकजना मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला, दुई फोक्सो, एक कलेजो, एक मुटु, एक प्याङ्क्रियाज, एक सानो आन्द्रा गरी आठ जनामा अङ्ग प्रत्यारोपण गरेर जीवन दिन सकिन्छ ।
मस्तिष्क मृत्यु पश्चातको अङ्गदान र प्रत्यारोपण संसारमा कठिनताका साथ स्थापित हुँदै गएको हुँदा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्न सकिएमा पश्चिमा मुलुकमा जस्तै नेपालमा पनि ८० प्रतिशत भन्दा बढी प्रत्यारोपण मस्तिष्क मृत्यु पश्चात हुने अङ्गदानबाट हुनसक्ने र देश अङ्ग प्रत्यारोपणमा आत्मनिर्भर बन्ने केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले बताए ।
केन्द्रले विसं २०७३ मङ्सिर २२ मा पहिलो पटक दक्षिण कोरियाली विज्ञको सहयोगमा कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको थियो । नेपाली टोलीबाट विसं २०७५ कात्तिक १२ गते पहिलोपटक कलेजो प्रत्यारोपण गर्न सफल भएको थियो ।
केन्द्रले हालसम्म तीन वर्षको बालकदेखि ६८ वर्षसम्मका व्यक्तिसम्म गरी ३४ जनाको कलेजो प्रत्यारोपण गरिसकेको छ । केन्द्रमा १५ रुपैयाँ देखि २० लाखमा कलेजो प्रत्यारोपण हुँदै आएको जनाइएको छ ।
केन्द्रले देशमा पहिलोपटक विसं २०७४ वैशाख २८ गते मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला प्रत्यारोपण गरेको थियो । त्यसपछि हालसम्म छ जना व्यक्तिबाट प्राप्त गरी १२ जनाको मिर्गौला र चार जनाको कलेजो प्रत्यारोपण गरेको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए ।
पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले देशको सातवटै प्रदेशमा प्रत्यारोण सेवा विस्तार गर्ने योजना बनाइएको बताउँदै बागमती, गण्डकी, कर्णाली र लुम्बिनी प्रदेशमा सेवा सुरु गरिसकेको जानकारी दिए । प्रत्याारोण सेवा विस्तारका लागि आवश्यक विशेषज्ञ जनशक्ति उत्पादन गर्न केन्द्रलाई प्रत्यारोपण स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने सङ्घीय सरकारको घोषणा कार्यान्वयनमा ढिलाइ भइरहेको बताउँदै उनले उपयुक्त जग्गा प्राप्त नहुँदा केन्द्र आफ्नै स्रोतबाट तीन सयदेखि पाँच सय शय्याको भवन बनाउने योजना अलपत्र परेको गुनासो गरे ।
भक्तपुर इँटा टायल कारखाना रहेको उद्योग मन्त्रालय मातहतको जग्गा वा सल्लाघारीमा रहेको नेपाल ट्रष्टको जग्गा तथा चाँगुनारायण नगरपालिका–८ सुडालको जग्गामध्ये कुनै एक ठाउँको जग्गा प्राप्त गर्न सके भवन निर्माण यथाशीघ्र हुने श्रेष्ठले उल्लेख गरे ।
उनले भने, 'अङ्ग फेल भएका गरिब नेपाली जनताको ज्यान बचाउन सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको हालसम्म आफ्नै जग्गा र भवन छैन । अहिले उपलब्ध भवन अत्यन्तै साँघुरो छ । केन्द्रले तीन सय शय्याको भवन बनाउन सक्षम छ । उपयुक्त जग्गा तत्काल उपलब्ध गराउन लागि सरकारसँग माग गर्दछु ।'रासस


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, सप्तरी
आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना
(प्रकाशित मितिः २०८२/०२/१२)

यस कार्यालयबाट IFB No.: 05/081/82/IDO/Saptari, मिति २०८१/१०/१४ (27th January, 2025) को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका र IFB No.: 08/081/82/IDO/Saptari, मिति २०८१/११/११ (23th February, 2025) को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको ITB29, ITB30 र ITB32 अनुसार मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभुत रुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुदा ITB25.9 तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहितको) को नियम ३१ज को उपनियम (५) बमोजिम आर्थिक प्रस्ताव मिति २०८२/०२/१९ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| क्र. सं. | बोलपत्र नं. | योजनाको नाम/विवरण | वोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | IDO/Saptari/Works/NCB/ 22-81/82 | अग्निसाइर गा.पा. भवन MRM -इटहरवा-कमलपुर-दिघवा-राजविराज (अग्निसाइर गा.पा. - राजविराज न.पा.-१) | 1. M/s Speed Indrayani JV, Kathmandu<br>2. M/s Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu<br>3. M/s R.K NIRMAN SEWA INARUWA,SUNSARI<br>4. M/s Joshi-Uday JV, Rajbiraj-6, Saptari<br>5. M/s Mahato Construction & Engineering Consultancy, Janakpur-8 Dhanusa |
| 2. | IDO/Saptari/Works/NCB/ 23-81/82 | अर्जी-त्रिकौल-पिप्राहाई हुलाकी (अर्जी-पिप्राही) | 1. M/s Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu<br>2. M/s R.K NIRMAN SEWA INARUWA,SUNSARI |
| 3. | IDO/Saptari/Works/NCB/ 24-81/82 | सखडा-महुवा-मोहनपुर-रामपुरा | 1. Uma Infra Builders Pvt. Ltd. Dhangadi-02 Kailali<br>2. M/s Lama - Shree Baba Dharamraj JV,Tilathi koladi Saptari<br>3. M/s P.M./Purnachandi J.V,<br>4. Gauri Ganesh Nirman Sewa, Mahankal -09 |
| 4. | IDO/Saptari/Works/NCB/ 26-81/82 | देउरी - तराही - भुतही - पातो - बथनाहा - चपेना - सिंगियोन - कट्टी | 1. M/s Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu |
| 5. | IDO/Saptari/Works/NCB/ 30-81/82 | कुशहा MRM-पटेरवा-बेल्ही बोर्डर (कुशाहा बेल्ही बोर्डर) | 1. M/s Om Sai Ram Construction Pvt. Ltd., Satdobato – 15<br>2. M/s Bijayeshwori & Baibhab / Krishna Laxmi J/V, Kanpur, Kavre<br>3. M/s Shivam Naisha JV, Janakpurdham, Ward no.-4 |

नि.कार्यालय प्रमुख

# दक्षिण भारतमा कार्गोजहाज डुब्यो, चालक दलका सबै सदस्यको सकुशल उद्धार

**बेङ्गलोर ।**
भारतको दक्षिणी राज्य केरलाको तटीय क्षेत्रमा एउटा कन्टेनर जहाज डुबेको भारतीय नौसेनाले आइतबार जनाएको छ ।
केही जोखिमजन्य सामान रहेको दुर्घटनाग्रस्त जहाज लाइबेरियाली झण्डाबाहक जहाज हो ।
भारतीय नौसेनाका अनुसार १८४ मिटर (६०३ फिट) लामो मालवाहक जहाज (एमएससी इएलएसए ३) भारतीय बन्दरगाह भिझिन्जमबाट शनिबार कोच्चितर्फ जाँदै गरेको थियो ।कोचीबाट करिब ३८ नटिकल माइल दक्षिणपश्चिममा कन्टेनर जहाज खतरनाक अवस्थामा देखिएको भारतीय नौसेनाले जनाएको छ ।
भारतीय तटरक्षक बल (आईसीजी) र नौसेनाको गस्ती डुङ्गाले जहाजमा रहेका जर्जिया, रुस, युक्रेन र फिलिपिन्सबाट आएका चालक दलका सबै २४ सदस्यलाई उद्धार गरेको छ ।
'जहाजमा ६४० वटा कन्टेनर रहेका र तीमध्ये १३ वटामा हानिकारक कार्गो थियो भने १२ वटामा क्याल्सियम कार्बाइड थियो,' विज्ञप्तिमा भनिएको छ। रक्षा मन्त्रालयले ती कन्टेनरभित्र हानिकारक कुरा के थियो भन्नेबारेकेही बताएको छैन । जहाजमा मल उत्पादन र स्टिल उत्पादनका लागि उपयोगी 'क्याल्सियम कार्बाइड' पनि थियो । क्याल्सियम कार्बाइड रासायनिक उद्योगमा प्रयोग हुने हानिकारक रसायन हो ।
'केरलाको तटमा संवेदनशील समुद्री इकोसिस्टमलाई ध्यानमा राख्दै आईसीजीले पूर्ण प्रदूषण नियन्त्रणका लागि आवश्यक तयारी गरेको छ,' नौसेनाले भनेको छ ।
उक्त जहाजमा करिब ३७० टन इन्धन र तेल पनि थियो । अहिलेसम्म कुनै पनि तेल चुहिएको खबर नआएको बताइएको छ ।एएफपी

# हाटबजारमा स्थानीय उत्पादन बिक्री गर्न सहज

**तनहुँ ।**
जिल्लाका विभिन्न ठाउँमा हाटबजार सञ्चालनमा आएपछि स्थानीय उत्पादन बिक्री गर्न सहज भएको छ ।
जिल्लास्थित भानु नगरपालिका–२ नारेश्वरटारमा सञ्चालनमा आएको हाटबजार स्थानीय उत्पादन बिक्री गर्न सहयोगी बनेको हो ।
साथै आँबुखैरेनी गाउँपालिकामा सञ्चालित हाटबजारले स्थानीय उत्पादन बिक्रीमा सहजीकरण गरिरहेको छ । स्थानीय किसानले उत्पादन गरेका सामग्री बिक्रीका लागि यही जेठ ३ गते शनिबारदेखि हाटबजार सञ्चालन गरिएको हो । उक्त हाटबजार प्रत्येक साताको शनिबार सञ्चालन हुनेछ ।
नारेश्वरटार हाटबजार व्यवस्थापन तथा सञ्चालन समितिले भानु नगरपालिकाको सहकार्यमा हाटबजार सञ्चालन गरेको समितिका अध्यक्ष विष्णुप्रसाद मिश्रले जानकारी दिए ।
हाटबजारमा नगरभित्रका कृषिउपज ल्याएर बिक्री गर्न सकिने उनले बताए ।
हाटबजार सञ्चालनको दोस्रो साता बेसार, तरुल, तिलको पिना, टमाटर, करेला, निउरो, कर्कलो, पिंडालु, कटहर, तोरीको सागलगायत कृषिउपज बिक्री गरिएको छ ।
स्थानीय उत्पादन खरिद गर्न स्थानीयवासीको घुइँचो देखिएको मिश्रले बताए ।
हाटबजार दिउँसो २:०० बजेदेखि साँझसम्म सञ्चालन हुन्छ । हाटबजारले किसानलाई प्रोत्साहन गरी स्थानीय उत्पादनलाई बढवा गर्ने र उपभोक्ताले पनि रोजेको कृषिउपज सहज रुपमा खरिद गर्नसक्ने भानु नगरप्रमुख आनन्दराज लिपाठीले बताए ।
हाटबजारले किसान र उपभोक्तालाई जोड्ने पुलका रुपमा काम गर्ने उनको भनाइ छ । उनले भने, 'किसानलाई आफूले उत्पादन गरेका कृषिउपज तथा अन्य सामग्री बिक्रीका लागि बजार अभाव नहोस् भनेर हाटबजार सञ्चालनमा ल्याएका हौँ । यसले किसानलाई प्रोत्साहन गर्नेछ ।'
आँबुखैरेनी–३ मा प्रत्येक शुक्रबार हाटबजार सञ्चालन हुँदै आएको छ ।हाटबजारमा स्थानीय उत्पादन खरिद बिक्रीका लागि बिहानैदेखि घुइँचो लाग्ने गरेको छ ।
गत वर्षको फागुनदेखि सञ्चालित उक्त हाटबजारले किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्नुका साथै उत्पादित सामग्री बजारीकरणका लागि प्रभावकारी बनेको छ ।
हाटबजारले आँबुखैरेनीको मात्रै नभई आसपासका स्थानीय तहको पनि ध्यान खिचेको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले उल्लेख गरे । उनका अनुसार स्थानीय मह, गोलभेँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिस्लीगानलगायत दैनिक उपभोग्य वस्तु बिक्री गर्ने व्यवस्था मिलाइएको छ ।
आँबुखैरेनी–६ प्युघुरका मिलन गुरुङले हाटबजार कृषिउपज तथा अन्य दैनिक उपभोग्य वस्तु बजारीकरणका लागि सहयोगी बनेको बताए ।
उनले भने, 'अन्य ठाउँमा गएर बिक्री गर्नुभन्दा हाटबजारमा ल्याएर बिक्री गर्दा एक रुपैयाँ भए पनि बढी मूल्य पाउने गरेका छौँ । सहज रुपमा वस्तुको बिक्री वितरणका लागि हाटबजार प्रभावकारी बनेको छ ।'
गाउँपालिकाका जुनसुकै वडाका किसानले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्नसक्ने छन् ।रासस

# शुभम गिलको आम्दानी २ करोड बढेर अब ७ करोड हुने पक्का




**काठमाडौं ।**
भारतीय क्रिकेटका उदीयमान स्टार शुभमन गिललाई बीसीसीआईले हिजो ठूलो जिम्मेवारी दियो ।
उनलाई हिजो टेस्ट टिमको नयाँ कप्तान बनाएर ठूलो जिम्मेवारी दिएको हो । उनले इंग्ल्यान्ड भ्रमणका लागि टीम इन्डियाको नेतृत्व सम्हाल्ने छन्, जहाँ दुई टोलीबीच ५ वटा टेस्ट खेल हुनेछन्। विश्व टेस्ट च्याम्पियनसिप २०२५–२७ चक्र यस शृङ्खलाबाट सुरु हुनेछ।
यस्तो अवस्थामा जिम्मेवारीसँगै शुभमन गिलको आम्दानी पनि बढ्ने जनाइएको छ। उनलाई भारतीय क्रिकेट कन्ट्रोल बोर्डले विशेष उपहार पनि दिन सक्ने भारतीय सञ्चारमाध्यमले जनाएको छ।
शुभमन गिल हाल बीसीसीआईको केन्द्रीय सम्झौताको ए ग्रेड सूचीमा पर्ने देखिएका छन किनभने आगामी केन्द्रीय सम्झौता अनुसार उनले बढुवा पाउने लगभग पक्का देखिएको छ । गिलको कप्तानी र लगातार प्रदर्शनलाई ध्यानमा राख्दै उनलाई अर्को बीसीसीआई केन्द्रीय अनुबन्धमा ए ग्रेडमा बढुवा गर्न सकिन्छ।
यदि यस्तो भयो भने उनले वार्षिक रुपमा ७ करोड भारतीय रुपैयाँ पाउनेछन्, जुन उनको करियरको लागि ठूलो इनाम हुनेछ । हाल उनले बीसीसीआईबाट वार्षिक ५ करोड रुपैयाँ पाईरहेका छन । तर, टेस्ट कप्तान बने पछि उनको थप जिम्मेवारी र महत्व बढेको छ ।
खासमा ए प्लस ग्रेडमा समावेश भएका खेलाडीहरूले वार्षिक ७ करोड रुपैयाँ पाउँछन् र यो ग्रेड सामान्यतया ती खेलाडीहरूको लागि आरक्षित हुन्छ, जसले सबै ढाँचामा नियमित खेल्न सक्छन वा टोलीमा असाधारण योगदान दिन सक्छन्। हाल रोहित शर्मा, विराट कोहली, रविन्द्र जडेजा र जसप्रित बुमराह ए प्लस ग्रेडका खेलाडीको रुपमा रहेका छन् ।
तर रोहित शर्मा, विराट कोहली र रविन्द्र जडेजाले अब तीनवटै फम्र्याट खेल्ने छैनन्। यस्तो अवस्थामा आगामी केन्द्रीय सम्झौताका लागि यी खेलाडीको डिमोसन निश्चित छ, जसले गिललाई फाइदा पुग्ने विश्वास गरिएको छ ।एजेन्सी

# अमेरिकाको नागरिकता त्याग्ने क्रम बढ्दो यो बर्ष २० प्रतिशतले बृद्धी हुने प्रक्षेपण

**वासिंगटन डिस ।**
अमेरिकामा डोनाल्ड ट्रम्प फेरि फर्किए पछि धेरै समस्या हुन थालेको छ ।
अचम्मको कुरा के छ भने ट्रम्पलाई जिताउने अमेरिकी नागरिकहरु अहिले ठूलो संख्यामा आफ्नो देश त्यागेर अर्को देशमा बसाई सराई गरिरहेका छन् ।
वास्तवमा ट्रम्प दोस्रो कार्यकालका लागि फर्किएसँगै देशको राजनीतिक अवस्था यति धेरै परिवर्तन भएको छ कि अहिले रेकर्ड संख्यामा अमेरिकी नागरिकहरू मुख्यतयाः बेलायती नागरिकता पाउने दौडमा लागिरहेका छन् । यो संख्या पछिल्लो २१ वर्षमा सबैभन्दा धेरै हो र यति मात्र होइन हजारौं अमेरिकीले आफ्नो अमेरिकी नागरिकतासमेत त्यागिरहेका छन् ।
बेलायतको गृह कार्यालयको पछिल्लो तथ्याङ्कले सन् २०२५ को जनवरीदेखि मार्चसम्म १ हजार ९३१ अमेरिकीहरूले बेलायती नागरिकताका लागि आवेदन दिएको देखाएको छ। जो सन २००४ यताकै उच्च संख्या हो। यो संख्या पछिल्लो तीन महिनाको तुलनामा १२ प्रतिशत बढी हो। यस्तो भएको यो पहिलो पटक भने होइन । ट्रम्प पहिलो पटक राष्ट्रपति बनेपछि र कोभिड–१९ ले कहर मचाउँदै आएका बेला पनि अमेरिकी नागरिकहरूले देश छाड्ने प्रवृत्ति बढेको थियो । सन् २०२० को पहिलो ६ महिनामा ५ हजार ८ सयभन्दा बढीले अमेरिकीले अमेरिकाको नागरिकता त्यागेका थिए, जुन सन् २०१९ मा तीन गुणा बढी थियो । जनता राजनीतिले मात्र होइन, कर प्रणाली, स्वास्थ्य सुविधाको अवस्था र सामाजिक परिवेशबाट पनि यत्तिखेर अमेरिकीहरू चिन्तित बनिरहेका छन् ।
क्याम्ब्रिज एकाउन्टेन्ट्स एक लेखा फर्मका अनुसार यी व्यक्तिहरू छन्, जो अमेरिका छोडेर क्यानडा, अष्ट्रेलिया वा युरोपका अन्य कुनै देशमा स्थायी रुपमा अन्यत्र सर्न चाहन्छन् ।
विशेष गरी बेलायतमा बस्नका लागि स्थिति खोज्ने अमेरिकीहरूको संख्या २०२५ मा ५५०० भन्दा बढी हुने अनुमान गरिएको छ, जुन गत वर्षको तुलनामा २० प्रतिशत बढी हो।
एकातिर अमेरिकीहरू युरोपतिर फर्किरहेका छन् भने अर्कोतिर युरोपेली देशहरूले पनि कडा कारबाही गर्न सुरु गर्न थालेका छन् । बेलायती प्रधानमन्त्री केयर स्टारले गत हप्ता नयाँ आप्रवासीका लागि नागरिकता सम्बन्धी नियमलाई कडा बनाउने घोषणा गरेका थिए । इटालीले पनि नयाँ कानून पारित गरेको छ, जसका कारण अब पुर्खाको आधारमा नागरिकता बन्द हुने भएको छ। एजेन्सी

# पनौती सङ्ग्रहालयमा विदेशी अवलोकर्ताको आगमन बढ्दै

**काभ्रेपलाञ्चोक ।**
ऐतिहासिक नगर काभ्रेपलाञ्चोकको पनौतीस्थित सङ्ग्रहालयमा विदेशी अवलोकनकर्ताको आगमन बढ्दै गएको छ ।
करिब १५ वर्षअघि धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्त्व झल्काउने सामग्री एवं पहिचान भण्डारका रुपमा स्थापित सङ्ग्रहालयमा पछिल्लो समय विदेशी अवलोकनकर्ताको आगमन बढ्दै गएको हो ।
पनौतीस्थित इन्द्रेश्वर महादेव मन्दिर परिसरमा स्थापित यो सङ्ग्रहालय जिल्लाकै पहिलो र एक मात्र सङ्ग्रहालय हो ।
विगत एक वर्षमा तीन हजार ५०० विदेशी अवलोकर्ताले सङ्ग्रहालयको अवलोकन गरेका जनाइएको छ ।
करिब चार हजार ५०० अवलोकनकर्तामध्ये तीन हजार ५०० विदेशी रहेका सङ्ग्रहालयका प्रमुख राजेन्द्र महाजुले जानकारी दिए ।
उनका अनुसार पुराना सिक्का, कागजी नोट, स्थानीय रुपमा प्रयोग भएका घरायसीवस्तु पनि सङ्ग्रहालयमा राखिएका छन् ।
विसं २०६७ मा पनौती नगर कार्यालयले सञ्चालनमा ल्याएको यस सङ्ग्रहालयमा जिल्ला तथा विशेषगरी पनौतीका पुराना र ऐतिहासिक वस्तुको संरक्षण गरिएको महाजुले बताए ।
'सङ्ग्रहालयमा पनौतीको विकास, यहाँका पुराना गतिविधि, मठमन्दिरलगायत उपलब्ध शिलालेखको अवलोकन गर्न पाइन्छ ।
स्थानीयको सक्रियतामा नगर कार्यालयसँग सहकार्य गरी सञ्चालनमा ल्याइएको सङ्ग्रहालयमा मल्लकालीन, शाहकालीन समयका मूर्ति, काष्ठकलाका नमूना, विभिन्न पहिरन तथा पुराना हातहतियार राखिएका छन्', उनले भने ।
धार्मिक, ऐतिहासिक र पर्यटकीय गन्तव्य एवं पवित्र धार्मिकस्थल भएकाले यहाँको महत्त्व बढ्दै गएको प्रमुख महाजुले बताए । यहाँ स्मारक समिति बनाएर सङ्ग्रहालय सञ्चालनमा ल्याइएको थियो । सङ्ग्रहालयमा हस्तकलाका सामग्री पनि राखिएका छन् ।
इन्द्रेश्वर मन्दिर परिसरमा रहेकाले यहाँ आउने अधिकांश आन्तरिक तथा बाहिरि पर्यटकले सङ्ग्रहालयको अवलोकन गर्छन् ।
महाजुका अनुसार विदेशी पर्यटकको आगमन गत वर्ष मात्र नभई केही वर्षदेखि बढ्दै गएको हो । पुरातत्व विभागको मापदण्डअनुसार सञ्चालित सङ्ग्रहालयमा पुरा सामग्री भए प्रदर्शनका लागि स्थानीयलाई उपलब्ध गराउन नगर कार्यालयले आग्रह गर्दै आएको छ ।
धार्मिक एवं ऐतिहासिक नगरी पनौतीस्थित त्रिवेणीघाट र स्नान गर्ने ठाउँको पनि आ–आफ्नै महत्त्व रहँदै आएको छ । पनौतीलाई विश्वसम्पदामा सूचीकृत गराउन नगर कार्यालयले पहल गरिरहेको छ ।
'यसको महत्त्व बुझेका सबैजसो पर्यटक यहाँ आउँछन ', महाजुले भने ।
उनका अनुसार विभिन्न स्थानबाट सङ्ग्रहालय अवलोकन गर्न बर्सेनि सयौँको सङ्ख्यामा विद्यार्थी आउने गर्छन् । सङ्ग्रहालयमा अवलोकनका लागि विदेशी, स्वदेशी पर्यटक र विद्यार्थीलाई फरकफरक शुल्क तोकिएको उनले जानकारी दिए ।रासस

# मकैमा फौजी किराको समस्या देखिएपछि किसान चिन्तित



**भोजपुर ।**
मकैबालीमा फौजी किराको समस्या बढ्न थालेपछि यहाँका किसान चिन्तित भएका छन् ।
फौजी किराले मकैबालीमा क्षति गर्न थालेपछि किसान चिन्तामा परेका हुन् ।
वैशाख अन्तिम साताबाट अमेरिकन फौजी किराको समस्या बढेसँगै मकैबालीमा क्षति पुगेको स्थानीय कृषक धनबहादुर थापाले बताए ।
किराको कारण गोड्ने समय भएको मकैको गुबोभित्र पसेर गुबो खाइदिने, पात खाने र पहेँलो भएर मर्ने समस्या रहेको उनको भनाइ छ । 'यस वर्ष पनि मकैमा फौजी किराको समस्या देखिएको छ', उनले भने, 'फौजी किराले मकैको गुबो खाएर नष्ट बनाएको अवस्था छ । मकैमा किराको प्रकोप बढेपछि चिन्ता थपिएको छ । विशेष गरेर तल्लो भेगमा लगाइएको मकैमा किराको समस्या बढी देखिएको छ ।'जिल्लाको भोजपुर नगरपालिकाको टक्सार, बोखिम, दाँवा, पौवादुङमा गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, अरुण गाउँपालिकालगायत तल्लो क्षेत्रमा फौजी किराको समस्या देखिएको किसानको भनाइ छ ।
किराले गुबो नै खान थालेपछि मुख्य खाद्यान्नका रुपमा लगाइएको मकैको उत्पादन घट्ने अवस्था रहेका किसानको भनाइ छ । बैंसी तथा तल्लो भेगमा किसानले लगाएको मकैबालीमा फौजी किराको समस्या देखिएको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ ।
किरा नियन्त्रणका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग गरिरहेको केन्द्रको भनाइ छ ।रासस

# मेस्सीको इन्टर मियामी हारबाट जोगियो तालिकाको छैटौं स्थानमा




काठमाडौं, ११ जेठ । इन्टर मियामी अमेरिकन मेजर लिग सकर अन्तर्गतको खेलमा हारबाट जोगिएको छ ।
आइतबार बिहान सम्पन्न खेलमा इन्टर मियामीले खेलमा कमब्याक गर्दै फिलाडेलफियासँग ३–३ गोलको बराबरी खेलेको हो ।
इन्टर मियामीलाई लियोनेल मेसी र टेलास्को सेगोभियाले गोल गर्दै बराबरी गरेका थिए । यसअघि इन्टर मियामीका लागि पहिलो गोल टाडेओ एलेन्डेले गरेका थिए ।
त्यस्तै फिलाडेलफियाका लागि टाई बारिबोले २ तथा क्यून सुलीभानले एक गोल गरेका थिए ।
यो बराबरीपछि फिलाडेलफियाको इस्टर्न कन्फेरेन्समा १५ खेलमा ३० अंक भएको छ र शिर्ष स्थानमा छ । त्यसैगरी इन्टर मियामीको १४ खेलमा २३ अंक भएको छ र हाल छैटौं स्थानमा रहेको छ । एजेन्सी

# शुभकार्यमा प्रदर्शन गरिने छलिया नाचको माग उच्च



**कञ्चनपुर ।**
विशेषगरी विवाह तथा शुभकार्यमा नाचिने सुदूरपश्चिमको प्रसिद्ध छलिया नाच व्यावसायिक हुन थालेको छ ।

पछिल्लो समय छलिया नाच विवाहमा मात्रै नभई यहाँका विभिन्न समारोह, महोत्सव वा महत्वपूर्ण कार्यक्रममा समेत छलिया नाच प्रदर्शन हुने गरेको छ । विभिन्न ठाउँमा नाच देखाएवापत छलिया नाच्नेहरुको राम्रै आम्दानी हुने गरेको छ । महेन्द्रनगरका सुरज औजीलाई आजभोलि भ्याइनभ्याइ छ ।

उनि छलिया नृत्यका लागि सुदुरको तराइदेखि पहाडसम्म छलिया समूह लगेर पुग्ने गरेका छन् । विशेष गरी विवाह र महोत्सवका लागि छलिया नृत्यको माग आउने गरेको उनको भनाइ छ । पछिल्लो समय विभिन्न समारोह तथा उच्चपदस्थको स्वागतमा छलिया नृत्य प्रदर्शन हुन थालेको छ । 'हरेक दिन छलिया नृत्यका लागि तीन÷चार फोन आउँछ एक महिनाअघि नै बुकिङ हुने गरेको छ ।' उनका अनुसार विवाह, महोत्सव तथा शुभकार्यमा छलिया नाचको माग बढेको छ ।

छलिया नृत्यमा १५ वर्षको उमेरदेखि नै लागेका सुरजले अहिले छलिया नाच नाचेरै लाखौँ आम्दानी गर्न थालेका छन् । 'छलिया नृत्य सुदूरपश्चिमको मौलिक पहिचान हो यसको संरक्षण गर्छु भनेर लागेको हु', उनले भने, 'अहिले छलिया नृत्य व्यावसायिक रुपमा अघि बढेको छ आम्दानीको मुख्य स्रोत नै छलिया नाच हो ।'

उनले विवाह तथा महोत्सवमा छलिया नृत्यको ३० हजार रुपैयाँ देखि ५० हजार रुपैयाँ सम्म शुल्क लिने गरेको बताए । 'हाम्रो आम्दानीको मुख्य स्रोत भनेकै यही हो विवाहको याममा एक दिन खाली बस्दैनौँ ।' उनले आफ्नो १२ जनाको टिमको आम्दानीको मुख्य स्रोत छलिया नृत्य रहेको बताए । 'दुई छोरी र एक छोराको पढाई खर्च र घरायसी जोहो छलियाबाटै हुने गरेको छ', उनले भने, 'विभिन्न ठाउँमा छलिया नाच देखाएबापत राम्रै आम्दानी हुने गरेको छ ।' उनले विवाह र महोत्सवमा छलिया नाच देखाउनका लागि कञ्चनपुर कैलाली र पहाडको बैतडीसम्म पुग्ने गरेको बताए । तर पछिल्लो समय दामाहा बनाउन भने निकै खर्चिलो हुने गरेको उनको भनाइ छ । 'एउटै दामाहा बनाउनका लागि २० हजारसम्म खर्च हुने गरेको छ ।' औजीले भने, 'खर्चिलो भए पनि पुरानो संस्कृतिका हिसाबले छलियाको माग धेरै छ ।' सुदूरपश्चिमको प्रसिद्ध छलिया पछिल्लो समय व्यावसायिक बन्न थालेको छ । यहाँका विभिन्न समारोह, महोत्सव वा महत्वपूर्ण कार्यक्रमका लागि छलिया नाचको माग हुने गरेको छ ।

अहिले सुदूरपश्चिम प्रदेशका विभिन्न ठाउँमा विवाह तथा महोत्सवहरुमा छलिया नृत्यको माग हुने गरेको ७० वर्षीया मोहनराम औजीले बताए । 'पहिला पहिला विवाह र शुभकार्यमा आफ्नो छाक टार्न छलिया हुड्केली नाच नाचिन्थ्यो', उनले भने, 'अहिले छलिया हुड्केली नाच व्यावसायिक भएको छ अग्रीम बुकिङ गर्नुपर्छ ।' उनले आफूले १२ वर्षको उमेरदेखि छलिया हुड्केली नाच नाच्न थालेको बताए । 'म ७० वर्षको भए अहिले मेरो छोरालाई संयोजक बनाएको छु उसले दैनिक नौ वटा छलिया नृत्यको टिमको ठेक्का लिने गरेको छ यति धेरै माग छ', उनले भने, 'छलिया नाचेको ३० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म लिने गरेका छौ', उनले छलिया नाच देखाउँदा ढाल, तरबार र छलियाको परिहन निकै महँगो हुने गरेको बताए ।

अहिले विभिन्न ठाउँमा छलिया नाच्नेले समूह नै बनाएर नाच्ने र गाउने गरेका छन् । 'छलिया नाचमा मनोरञ्जन गरिन्छ हुड्केली नाचमा पुराना राजा रजौटा, वीर वीरज्गना र देविदेवताहरुका जीवन गाथा गाउने गरिन्छ', उनले भने, 'छलिया नाच भनेको बाजाको तालमा हतियार नचाएर खेल्ने नाँच हो यो सुदूरपश्चिमको पहिचान हो ।'

छलिया नाचमा सुदूरपश्चिमको विशेष पहिचान र मौलिकता रहेको लोक साहित्यका जानकारहरु बताउँछन् । सुदूरपश्चिममा नृत्य गर्नुलाई छलो खेल्नु पनि भन्ने गरेको र नृत्य गर्ने तथा छलो खेल्ने व्यक्तिलाई छलिया भनिने लोक साहित्यका जानकार कविराज भट्टले जानकारी दिए । उनले छलिया नृत्य सुदूरपश्चिमको मौलिक नृत्य रहेकाले पछिल्लो समय व्यावसायिक रुपमा अघि बढेको बताए ।

'विशेषगरी खुसीका अवसरमा गरिने छलिया नृत्यको आफ्नो छुट्टै महत्व र मौलिकता छ, छलिया नृत्य विशेषगरी विभिन्न माङ्गलिक अवसर विवाह, व्रतबन्ध, जात्रालगायतमा प्रस्तुत हुने गर्छ, छलिया नृत्य स्थानीयस्तरमै बनेका लोकबाजा प्रयोग हुन्छन', उनले भने, 'छलिया नृत्यमा दमाहा, झ्याली, विगुल, मसक, हुड्कोलगायत बाँजागाजाको प्रयोग गरिन्छ ।' उनका अनुसार छलिया नाचमा नाच्ने व्यक्तिको विशेष नृत्य पहिरन हुन्छ । टाउँकामा विशेष किसिमले मखमलको पगडि लगाइन्छ । छलियाको कम्बरमा विशेष किसिमको कपडाको पेटी पनि हुन्छ ।

'एक हातमा ढाल र एक हातमा तलबार लिइ छलिया नृत्यको प्रदर्शन हुने गर्दछ', उनले भने, 'छलिया नाचमा एक जनाले सुरुमा लोक डेउडाको छेउटो प्रस्तुत गर्ने र गीतहरुमा आन्दित तुल्याउने हाँसोठट्टालगायत र शृङ्गारिक भावका छेउटा प्रस्तुत गरिन्छन् छेउटो पछि कुनै एक नाच्न योग्य लोकलयको गीत गाउँदै छलियाबाँजो बजाइन्छ र धेरै बेरसम्म त्यही बाँजोमा छलियाहरु नाच्दछन् बाजा रोकिएपछि पुनः अर्को छेउटो प्रस्तुत गरिन्छ ।'

छलिया नाचमा विभिन्न किसिमका जादुगरी र कलाको पनि प्रदर्शन गरिने साहित्यकार रमेश पन्त बताउछन । 'उल्टो पल्टेर मुख वा आँखाले पैसा टिप्ने कलालाई छलिया नृत्यमा प्रमुखताका साथ स्थान दिइन्छ', उनले भने, 'दाइन दमाहा बजाउने कला, एउटा छलियाले अर्कोको काँधमा चढेर दाइन बजाउने कला पनि छलिया नृत्यको विशेषता हो ।' उनले पछिल्लो समय छलिया बाजाको माग धेरै बढेकाले छलिया नृत्य व्यावसायिक बनेको बताए ।रासस

# यस वर्षको विपद्: २० लाख नागरिक प्रभावित हुने अनुमान

**काठमाडौँ ।**
यसवर्षको प्रि–मनसुन सुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ । यस वर्षको मनसुनबाट मुलुकमा चार लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ ।

मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो ।

प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउनसक्ने आँकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिए ।

'हामीले अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आँकलन गरेका छौँ, देशका सबै प्रदेश प्रभावित हुने छन्, त्यही अनुसारका तयारी गर्न क्षेत्रगत रूपमा जिम्मेवारी समेत तोकिएको छ', उनले भने, 'मौज्दात सामग्री के छ? कति थप आवश्यक पर्दछ? भन्ने सबै विषय आँकलन गरेर कार्ययोजना तयार पारेका हौँ ।'

यही जेठ १४ गते बस्ने गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा उक्त राष्ट्रिय कार्ययोजना पेस हुने जनाउँदै प्रवक्ता केसीले सोही



बैठकबाट पारित भएपछि कार्यान्वयनमा जाने उल्लेख गरे । उनका अनुसार केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म कार्य जिम्मेवारी तोकिएको छ । यसपाली प्रस्तावित कार्ययोजनामा हरेक एक÷एक महिनामा विपद्को अवस्थाका विषयमा अनुगमन, मूल्याङ्कन तथा समीक्षासमेत गर्ने योजना अघि सारिएको केसीले बताए ।

यसअघि नेपालमा मनसुनी आँकलन सार्वजनिक भइसकेको छ । मौसम विज्ञान विभागले सार्वजनकि गरेको आँकलनमा वर्षा र अधिकतम तथा न्यूनतम तापक्रम पनि बढी हुने जनाएको छ ।

सोही पूर्वानुमानका आधारमा प्राधिकरणले सबै सरोकार भएका निकायका वाला प्रतिनिधि तथा सङ्घसंस्थासँग सुझाव लिएर विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार पारेको हो ।

जल तथा मौसम विज्ञान विभागले विभागले कर्णाली प्रदेशको पूर्वीभूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभाग वर्षाबाट बढी प्रभावित हुनसक्ने उल्लेख गरेको छ । यही जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहनुका साथै अधिकतम तापक्रम र न्यूनतम तापक्रमसमेत देशभर सरदर भन्दा बढी रहने सम्भावना रहेको विभागकी प्रवक्ता विभूति पोखरेलले जानकारी दिए ।

उनका अनुसार यस मनसुन ऋतुमा कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तरपूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।

साथै मधेसका पूर्वी तथा दक्षिणी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।रासस

# 'विदेशमा दुःख गर्नुभन्दा रुद्राक्षका सामग्री बनाएर बिक्री गर्न सजिलो'

**सुनसरी ।**
धरान उपमहानगरपालिका–१४ का सन्तोष लामिछाने रुद्राक्षको व्यवसायबाट राम्रो आम्दानी गरिरहेका छन । उनले धरान–१४ स्थित पिण्डेश्वरी मन्दिर परिसरमा विगत पाँच वर्षदेखि रुद्राक्षको बिक्री गर्दै आएका छन ।

बाह्र वर्ष भारत बसेर फर्किएका लामिछानेले स्वदेशमै केही गर्ने सोचका साथ रुद्राक्षको माला बनाउँदै व्यापार सुरु गरेका हुन । उनले भने 'विदेशमा दुःख गर्नुभन्दा यही रुद्राक्षका विभिन्न सामग्री बनाएर बिक्री गर्दा सजिलो र आम्दानीसमेत राम्रै भइरहेको छ ।'

रुद्राक्षका सामग्री बनाउन उनले धनकुटा, पाँचथर, भोजपुरलगायत पहाडी जिल्लाबाट रुद्राक्ष खरिद गरेर ल्याई माला, झोला, ढाकी, ज्याकेटजस्ता सामग्री बनाउने गरेक छन । उनका अनुसार, मासिक २० हजार रुपैयाँ देखि ३० हजार रुपैयाँ सम्म आम्दानी भइरहेको छ । सबै खर्च कटाएर यति आम्दानी हुन्छ अहिलेसम्म घर खर्च चलाउन पुगेको छ । उनले भने, 'आफूलाई मन परेको केही सामान किन्न परे पनि यही आम्दानीले चलायमान रहन्छ ।



दैनिक १–२ मात्र सामान बिक्री भए पनि घर खर्च टार्न पुग्ने अनि पैसा पनि हातमा आउँछ । थोरै भए पनि नियमित आम्दानी हुन्छ, यहीमा सन्तुष्टि पाएको छु ।'

व्यवसायी लामिछानेले बनाएका सामग्री धरानसहित सुनसरी, मोरङ, झापा, काठमाडौँ, काँकडभिट्टा तथा नेपाल भ्रमणमा आउने विदेशी पर्यटकमाझ लोकप्रिय छन् । बिक्रीका लागि यी ठाउँमा बढी जाने गरेको उनले बताए । उनले भने 'विदेशीहरूले विशेष गरी रुद्राक्षका झोला बढी रुचाउनुहुन्छ ।'

ग्राहकको मागअनुसार विविध सामग्री बनाउने गरिएको जनाउँदै उनले २० रुपैयाँ देखि ५० रुपैयाँ सम्ममा माला, ढाकी ३०० रुपैयाँ देखि ५०० रुपैयाँ र एक हजार ५०० रुपैयाँ देखि तीन हजार रुपैयाँ सम्ममा झोला, साथै पाँच हजार रुपैयाँ देखि पाँच हजार ५०० रुपैयाँ सम्ममा रुद्राक्षको ज्याकेट बिक्री गर्दै आएको जानकारी दिए । उनका अनुसार दैनिक ढाकी मात्रै पाँचदेखि सात वटासम्म बिक्री हुने गर्छ ।

उनले भने, 'अरुबेला सामान्य व्यापार भए पनि साउन महिनामा एक महिनासम्म लाग्ने बोलबम मेलामा व्यापार झनै राम्रो हुने गरेको छ ।' उनले तीन जना कामदार राखेर सामग्री उत्पादन गर्नु हुन्छ भने अहिले एक जना कर्मचारी राखेर रुद्राक्षका सामग्री बनाएर बिक्री गर्दै आएको बताए ।

रुद्राक्ष स्थानीयस्तरमा सहजै नपाइने भएकाले उनि धनकुटा, भोजपुरजस्ता ठाउँमा गई बोटै ठेक्का लिएर खरिद गर्ने गरेका छन । एक बोटको मूल्य एक लाख रुपैयाँ देखि एक लाख ५० हजारसम्म पर्ने जानकारी दिँदै उनले भने, 'बोटबाट रुद्राक्ष ल्याएर सामग्री बनाउन सकेपछि बिक्रीमा समस्या हुँदैन, अर्डर राम्रै आउने गर्छ सामान बनाउनसके बिक्री पनि राम्रो हुन्छ ।'

व्यवसायी लामिछानेका अनुसार, रुद्राक्ष विशेषगरी हरियो पात भएका, लामा हाँगाहरूमा सेता फूल फुल्ने रुखमा ओखरजस्तै फल्ने गर्छ । उनले भने, 'सामान्यतया एक देखि १४ मुखीसम्मका रुद्राक्ष सजिलै पाइन्छन् । एकमुखी तथा नौदेखि १४ मुखीसम्मका रुद्राक्ष भने निकै दुर्लभ मानिन्छन् । धार्मिक दृष्टिले महादेवको प्रिय वनस्पति मानिने रुद्राक्ष पहाडी गाउँघरमा 'दाना' नामले चिनिन्छ ।"
रासस

# हात्ती सफारी व्यवस्थित गर्न माहुतेलाई प्रशिक्षण

**चितवन ।**
चितवनको पर्यटकीय नगरी सौराहाको हात्ती सफारी व्यवस्थित गर्न माहुतेलाई प्रशिक्षण दिइएको छ । युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाको आयोजना भएको प्रशिक्षणमा सहभागी माहुतेहरुलाई हात्तीको स्याहारसुसार, सफारी व्यवस्थापन तथा कानुनी प्रावधानहरुका बारेमा तालिम दिएको हो । कार्यक्रम कार्यक्रम संयोजक तथा संस्थाका उपाध्यक्ष शम्भुप्रसाद मालीका अनुसार बाघमारा मध्यवर्ती सामुदायिक वन र चित्रसेन मध्यवर्ती सामुदायिक वनको सहयोगमा प्रशिक्षण दिइएको हो ।

चितवन राष्ट्रिय निकुञ्ज सौराहा सेक्टर कार्यालय प्रमुख शान्ताबहादुर मगर पर्यटन क्षेत्रको सकारात्मक सन्देश प्रवाह गर्न माहुतेहरुको भूमिका महत्वपूर्ण हुने भएकाले सफारीमा चढेका पर्यटकलाई राम्रो व्यवहार गर्नुपर्ने बताए । उनले हात्ती सफारी गर्दा निकुञ्जको कानुन र हात्तीको स्वास्थ्यमा ख्याल गर्न माहुतेलाई आग्रह गरे ।

बाघमारा मध्यवर्ती सामुदायिक वनका अध्यक्ष बिपी चौधरीले चितवनको सफारी पर्यटनमा हात्ती र माहुते दुवैको भूमिका महत्वपूर्ण रहेको बताए । सफारी पर्यटनकै कारण सामुदायिक वनको आम्दानी उल्लेख्य रहेको भन्दै उनले आम्दानीको अधिकांश हिस्सा संरक्षणमा खर्च गर्दै आएको जानकारी दिए ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले अधिकारका कुरा उठाएर सौराहाको सफारी पर्यटन कमजोर बनाउन खोजिएको भन्दै यसतर्फ व्यवसायीहरु सचेत रहेको बताए । चितवनको पर्यटन जोगाउन व्यवसायीले हात्ती पालेको भन्दै उनले सफारी पर्यटनको विकासका लागि हात्ती र माहुतेको भूमिका प्रशंसायोग्य रहेको बताए ।

कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्ज सौराहा सेक्टर कार्यालय प्रमुख शान्ताबहादुर मगरले राष्ट्रिय निकुञ्जका बारेमा जानकारीसहित सफारीका क्रममा वन्यजन्तु देखाउँदा अपनाउनुपर्ने सावधानी, भेटेरिनरी डा अमिर सडौलाले हात्ती सफारीमा पाहुनासँग गर्ने व्यवहार, लैङ्गीक समानता, हात्ती र मानिसमा सर्नसक्ने रोग तथा भेटेरिनरी प्राविधिक किरणराज रिजालले स्वस्थ हात्ती र अस्वस्थ हात्तीको पहिचानका बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रममा ६० जनाको सहभागिता रहेको थियो ।रासस

# धनुषामा काठ तस्करीमा संलग्न एकजना पक्राउ

## फर्निचर उद्योगमा समेत छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा काठ तस्करीको आरोपमा एक व्यक्तिलाई पक्राउ गरिएको छ । डिभिजन वन कार्यालय धनुषाले आइतबार बिहान गरेको छापा तथा अनुगमनका क्रममा सखुवामहेन्द्रनगर सडक खण्ड नजिकबाट नरेश मण्डललाई काठसहित नियन्त्रणमा लिएको जनाएको छ । डिभिजन वन अधिकृत विनोद सिंहका अनुसार मण्डल लामो समयदेखि काठ चोरी र तस्करीमा संलग्न रहँदै आएका थिए । उनलाई क्षीरेश्वरनाथ नगरपालिका–६ स्थित जलाइध खोलाको किनारबाट पक्राउ गरिएको हो । उनी साइकलमा साल जातको गोलिया काठ बोकेर लैजाँदै थिए ।



'बिहान ५ बजे हाम्रो टोली अनुगमनमा निस्किएको थियो,' डिएफओ सिंहले भने, 'त्यही बेला साइकलमा अवैध रूपमा काठ बोकेर जाँदै गरेका मण्डललाई नियन्त्रणमा लिइएको हो ।' पक्राउ परेकासँग साइकल १ थान र साल जातको गोलिया काठ १ थान बरामद गरिएको छ । त्यसैदिन वन कार्यालयको टोलीले क्षीरेश्वरनाथ नगरपालिका–६ स्थित बाख्राबजार नजिक संचालनमा रहेको एक फर्निचर उद्योगमा पनि छापा मारेको छ । 'साइनबोर्डविहीन' अवस्थामा संचालन गरिएको उक्त उद्योग मनोहर साहको भएको प्रारम्भिक जानकारी आएको छ । छापाका क्रममा उद्योगबाट ३ दशमलव ५ क्यूफिट साल जातको काठ बरामद गरिएको जनाइएको छ । यस कार्यमा डिभिजन वन कार्यालय जनकपुरधामका सव–डिभिजन प्रमुख मनिष लामिछाने, डब्लुसीसीका कमाण्डर वैजनाथ सिंह, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका जवानहरूको टोली सक्रिय रहेको थियो । डिएफओ सिंहका अनुसार काठ चोरीको बढ्दो समस्या नियन्त्रणका लागि यस्ता आकस्मिक छापा र अनुगमनलाई अझ प्रभावकारी बनाउने योजना बनाइएको छ । 'काठ तस्करीमा संलग्न जोकसैलाई कानुनी दायरामा ल्याइनेछ,' उनले भने, 'वन संरक्षण र वातावरणीय सन्तुलनका लागि अब कडाइपूर्वक निगरानी गरिनेछ ।' धनुषा जिल्लाको विभिन्न क्षेत्रमा गैरकानुनी रूपमा काठ तस्करी र फर्निचर उत्पादन हुने क्रम बढिरहेको वन कार्यालयको भनाइ छ । विशेषगरी सीमावर्ती इलाकाहरूमा चोरी पैठारी बढेकाले नियमित गस्ती र स्थानीयको सहकार्यमा निगरानी बढाइने जनाइएको छ । वन कार्यालयले सर्वसाधारणलाई अवैध काठ तस्करीमा संलग्न गतिविधिबारे जानकारी भएमा तुरुन्त जानकारी गराउन आग्रहसमेत गरेको छ ।

# जनकपुरधामको ऐतिहासिक हर्दिनाथ पोखरी संरक्षण शुरू



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–१६ मा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको हर्दिनाथ पोखरीको संरक्षण तथा घाट निर्माणको काम आइतबारदेखि औपचारिक रूपमा शुरू गरिएको छ । पोखरी संरक्षणका लागि उपमहानगरपालिकाले सशर्त अनुदान अन्तर्गत प्राप्त ५० लाख रुपैयाँ बजेट विनियोजन गर्दै काम थालेको हो । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले एक कार्यक्रमका बीच पोखरी घाट निर्माणको शिलान्यास गरेपछि संरचनात्मक कामले गति लिएको हो । करिब ५० मिटर क्षेत्रमा पोखरीको घाट निर्माण गरिनेछ । नगरप्रमुख साहका अनुसार यसै आर्थिक वर्षभित्र काम सम्पन्न गरिने लक्ष्य छ । पोखरीको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व उच्च रहेको छ ।

कपिलेश्वरनाथ महादेव मन्दिरसँग सम्बन्धित यो पोखरी गुठी संस्थानको अधिनमा रहँदै आएको छ । पोखरीको पानी करिब एक विगाह क्षेत्रफलमा फैलिएको छ । वडाध्यक्ष रामचन्द्र पञ्जियारका अनुसार घाट निर्माण भएपछि छठ पूजा, स्नान तथा अन्य सार्वजनिक कार्यक्रम गर्न सहज हुनेछ । स्थानीय धार्मिक आस्थाले पनि यस पोखरीलाई विशेष स्थान दिएको छ । जनविश्वासअनुसार बाबा हर्दिनाथको नाममा रहेको यस पोखरीमा स्नान गरेमा शरीरका चर्मरोग, खटिरा र अन्य चामल रोगहरू निको हुने मानिन्छ । यही कारण यो पोखरी वर्षौंदेखि श्रद्धालुहरूका लागि पूजनीय स्थलका रूपमा रहँदै आएको छ । नगरवासी र धार्मिक अगुवाहरूले पोखरी संरक्षण र घाट निर्माणलाई स्वागत गर्दै जनकपुरधामको सांस्कृतिक तथा धार्मिक पर्यटन प्रवद्र्धनमा यो प्रयासले महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरेका छन् ।

# नेपाल वैश्य कल्याण महासंघको बैठक सम्पन्न

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
धनुषाको हंसपुर नगरपालिका–१ मा नेपाल वैश्य कल्याण महासंघ धनुषाको बैठक सम्पन्न भएको छ । रामहृदय साहको अध्यक्षतामा बसेको बैठकले वैश्य समुदायको एकता, सामाजिक समरसता र राजनीतिक सहभागितालाई प्राथमिकतामा राख्दै ११ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको हो । बैठकमा प्रमुख अतिथि महासंघ धनुषाका अध्यक्ष श्याम साहले वैश्य समुदायका सबै उप–जातिहरूलाई संगठित गर्दै सामाजिक र राजनीतिक अधिकार सुनिश्चित गर्न आह्वान गरे । उनले भने, 'हामी बिभाजित भएर बस्यौं भने अधिकार गुमाउँछौं, संगठित भएर मात्र राजनीतिक लाभ प्राप्त गर्न सक्छौं ।'



साहले वैश्य समुदायभित्र रोटी–बेटी सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँदै आपसी विश्वास र सहयोगकै आधारमा समाजलाई अघि बढाउनुपर्ने धारणा राखे । बैठकले जय किशोर साहको अध्यक्षतामा नयाँ ११ सदस्यीय कार्यसमिति गठन गरेको छ । समितिमा वैश्य समुदायका विभिन्न तहका प्रतिनिधिहरूलाई समेटिएको छ । बैठकमा महासंघ धनुषाका सचिव श्यामप्रसाद साह, हंसपुर नगर प्रमुख पदका सम्भावित उम्मेदवार सुशील साह, राजु साह, काकुल्ती देवी, रामपुकार महतो, झगरु महतो, जीवन साह, अधिवक्ता साह, महादेव साह, परमेश्वर साह, गंगा साहलगायत समुदायका अगुवा र अभियन्ताहरूको उपस्थिति थियो । समुदायमा आपसी एकता र साझा दृष्टिकोण विकास गर्न, सामाजिक अभियान तथा राजनीतिक सचेतना अभिवृद्धि गर्न बैठक महत्वपूर्ण रहेको सहभागिहरूले बताए ।

# मधेश प्रदेशको औद्योगिक विकासमा विशेष ध्यान दिन सुझाव

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका नवनियुक्त उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री इन्जिनियर बसन्त कुमार कुशवाहाले जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलगायत पार्टीका शीर्ष नेताहरूसँग भेटघाट गरेका छन् । आइतबार जनमत पार्टी केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा भएको भेटमा नेताहरूले मन्त्री कुशवाहालाई मधेश प्रदेशको औद्योगिक विकास र रोजगारी सिर्जनामा विशेष ध्यान दिन सुझाव दिए । भेटमा जनमत पार्टीका नेताहरूले मधेश प्रदेशमा उद्योग कलकारखानाको वर्तमान अवस्थाको विस्तृत अध्ययन गरी नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न ठोस योजना ल्याउन मन्त्री कुशवाहालाई आग्रह गरे । यसका साथै, मधेशमा पर्यटनको प्रचुर सम्भावना रहेको औंल्याउँदै त्यसको अध्ययन अनुसन्धान गरी धार्मिक पर्यटनलाई आकर्षित गर्ने गरी योजना ल्याउन पनि सुझाव दिएको पार्टीका प्रवक्ता डा. शरद सिंह यादवले जानकारी दिए ।

# पूर्वसभामुख महरा प्रकरणमा संलग्न रोशनी शाही बालकोटमा मृत फेला



**मधेशदृष्टि**
**काठमाडौं ।**
छ वर्षअघि पूर्वसभामुख कृष्णबहादुर महरा जबर्जस्ती करणी प्रकरणमा उजुरी दर्ता गराएकी रोशनी शाही मृत अवस्थामा फेला परेकी छन् । भक्तपुरको सूर्यविनायक नगरपालिका–३ बालकोटस्थित डेरामा बस्दै आएकी ५० वर्षीय शाही आइतबार दिउँसो आफ्नै कोठामा मृत फेला परेकी हुन् । प्रहरीका अनुसार शाही बृहत बालकोट क्षेत्रको बृहस्पति मार्गमा लक्ष्मीश्वर महतोको तीन तले घरमा एक्लै डेरा लिएर बस्दै आएकी थिइन् । घरबेटीले दिउँसोसम्म पनि शाहीले ढोका नखोलेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि जनप्रतिनिधिको रोहवरमा कोठा फोरेर हेर्दा सुत्ने कोठाको भुइँमा उनी मृत अवस्थामा भेटिएकी थिइन् । जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार कोठा भित्रबाट चुकुल लगाइएको अवस्थामा शव फेला परेको हो । घटनास्थलमा प्रहरीले सुसाइड नोट पनि बरामद गरेको छ । नोटको विस्तृत अध्ययन भइरहेको छ । उनको शरीरमा कुनै चोटपटक देखिएको छैन । प्रारम्भिक मूल्यांकनमा आत्महत्याको आशंका गरिएको छ । तर, अनुसन्धान अझै जारी छ । शाहीका श्रीमान उपत्यका बाहिर गएका थिए । उनी केही दिनदेखि एक्लै बस्दै आएकी थिइन् । स्थायी घर जाजरकोटमा भए पनि उनी काठमाडौं उपत्यकामा केही समययता एक्लै बस्दै आएकी थिइन् । उनका छोराछोरी वैदेशिक रोजगारीका लागि विदेशमा रहेका छन् । रोशनी शाहीको नाम सन् २०१९ (विक्रम संवत २०७६) मा माओवादी केन्द्रका वरिष्ठ नेता तथा तत्कालीन सभामुख कृष्णबहादुर महरामाथि लगाइएको बलात्कार आरोपसँग जोडिएको थियो । उनले प्रहरीमा जबर्जस्ती करणीको उजुरी दिएकी थिइन् । सो प्रकरणले राष्ट्रिय राजनीति र न्यायिक प्रक्रियामा ठूलो चर्चा पाएको थियो । यद्यपि पछि उनले अदालतमा बयान फेर्दै महराले बलात्कार नगरेको बताएकी थिइन् । त्यसपछि महरा छुटेका थिए । त्यसयता उनी सार्वजनिक जीवनबाट टाढा थिइन् । छायाँजस्तै एकान्तमा आफ्नो जिवन बिताइरहेकी थिइन् । मानसिक तनाव र सामाजिक बहिष्करणका बीच शाही लामो समयदेखि अवसादमा रहेको बताइन्छ । महरा प्रकरणपछि उनी सामाजिक रूपमा अलग्गिएकी थिइन् । उनका बारेमा सार्वजनिक रूपमा धेरै नबोलिए पनि उनीमाथि सामाजिक व्यवहार र पारिवारिक चासोको अभाव थियो भन्ने अनुमान गरिएको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको बताएको छ । शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल महाराजगन्ज लगिएको छ । सुसाइड नोटको परीक्षण, मोबाइल डाटा र अन्य डिजिटल प्रमाणहरूको विश्लेषण पनि हुँदैछ ।

# प्रधानमन्त्री र गृहमन्त्रीको पुतला जलाएर विरोध

**मधेशदृष्टि**
**काठमाडौं ।**
आइतबार प्रदर्शनी मार्गस्थित विश्वभाषा क्याम्पस अगाडि अखिल क्रान्तिकारी संगठनले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकको पुतला जलाउँदै विरोध प्रदर्शन गरेको छ । प्रदर्शनका क्रममा क्रान्तिकारीहरुले मसाल जुलुस समेत निकालेर आक्रोश जनाएका थिए ।

क्रान्तिकारी संगठनका कार्यकर्ताहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भिजिट भिसामा जाने यात्रुहरुबाट रकम असुली गर्ने प्रकरणमा गृहमन्त्री रमेश लेखकको संलग्नता रहेको आरोप लगाउँदै उनको राजीनामाको माग गरेका छन् । उनीहरूले प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकको भ्रष्टाचार र अनियमिततासमेतको विरोध गर्दै पुतला दहन गरेका छन् । कांग्रेस पार्टीभित्र पनि गृहमन्त्री लेखकको विरोध चर्किएको छ । कांग्रेसका एक प्रवक्ता भन्छन्, 'लेखकले नैतिकताको आधारमा तुरुन्त राजीनामा दिनु पर्छ ।' त्यस्तै, रास्वपाले पनि गृहमन्त्रीको राजीनामा माग गर्दै प्रदर्शन गरेको छ । अखिल क्रान्तिकारीका अनुसार गृहमन्त्री लेखकको भ्रष्टाचार र घोटालामा संलग्नता जनमतको विरोधका कारण हो । गृहमन्त्री लेखकले यस घटनामा आफूलाई निर्दोष साबित गर्न प्रयास गरिरहेका छन् । तर, राजनीतिक र जनताको दबाब बढ्दै गएको छ । समाजमा व्याप्त भ्रष्टाचार र अनियमिततासँग लड्नका लागि क्रान्तिकारी संगठनले आगामी दिनमा अझै कडा कदम चाल्ने चेतावनी दिएको छ ।

# रास्वपाबाट अनिलकेशरी र सुमनाको राजीनामा स्वीकृत

**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रशिक्षण विभाग प्रमुख अनिलकेशरी शाहको राजीनामा आइतबार पार्टीको केन्द्रीय समिति बैठकले स्वीकृत गरेको छ । शाहले पार्टी नेतृत्वमा विकासको लागि योगदान गर्नका लागि प्रशिक्षण विभाग प्रमुखको जिम्मेवारी ग्रहण गरेका थिए । तर, पार्टीको प्राथमिकतामा नेतृत्व विकास नपर्नुका कारण उनले यस पदबाट राजीनामा दिएका हुन् ।

शाहले केही दिन अघि भनेका थिए, 'पार्टीको नेतृत्व विकासमा योगदान गर्न सकिएला भनेर मैले प्रशिक्षण विभाग प्रमुखको जिम्मेवारी लिएको हो । तर, परिस्थिति यताउता पर्दा नेतृत्व विकास पार्टीको प्राथमिकतामा पर्न सकेन ।' उनले यस्ता कारणहरूले गर्दा पार्टीभित्र धेरै सक्रिय हुन सक्ने अवस्था नपाएको बताए । शाहले पदीय जिम्मेवारीबाट अलग हुने भएपनि पार्टीमा रहने बताएका छन् । यसैगरी, रास्वपाले सहमहामन्त्री पदबाट सुमना श्रेष्ठको राजीनामासमेत स्वीकृत गरेको छ । आइतबार भएको केन्द्रीय समिति बैठकले श्रेष्ठको राजीनामा स्वीकृत गरेको हो । श्रेष्ठले ४ वैशाखमा राजीनामा बुझाएकी थिइन् । श्रेष्ठले राजीनामा दिनुको कारण प्रस्तुत गर्दै भनेकी थिइन्, 'एक व्यक्तिले दुई पदमा बस्न नहुने भन्दै मैले पार्टीको सहमहामन्त्री पदबाट राजीनामा दिएको हुँ । अब म सांसदका रूपमा मात्र सार्वजनिक नीति बनाउनको लागि आफ्नो भूमिका सीमित राख्न चाहन्छु र पार्टीको 'मुभमेन्ट' गर्ने जिम्मा अरुलाई दिन चाहन्छु ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन